श्री सर्वोच्च अदालत, संवैधानिक इजलासमा प्रस्तुत गरिएको

बहसनोट

संवैधानिक इजलास

सम्माननीय प्रधानन्यायाधीश श्री चोलेन्द्र शमसेर जबरा

माननीय न्यायाधीश श्री दीपककुमार कार्की

माननीय न्यायाधीश श्री मीरा खड्का

माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडा

माननीय न्यायाधीश डा. श्री आनन्दमोहन भट्टराई

रिट नं.:– ०७७–WC–००७१ ,

राष्ट्रपतिको कार्यालय, सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओली, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र निर्वाचन आयोगको तर्फबाट महान्यायाधिवक्ताको कार्यालय ………………………………………………………………………………बहसनोट प्रस्तुतकर्ता

विरुध्द

उदय सिहं देउवाको नाति प्रसाद सिहं देउवाको छोरा जिल्ला डडेलधुरा गन्यापधुरा १ घर भई हाल काठमाडौ जिल्ला बुढानिलकण्ठ न.पा. वडा नं.२ बस्ने जिल्ला डडेलधुराबाट प्रतिनिधित्व गर्ने विघटित प्रतिनिधि सभाको सदस्य नेपाली कांग्रेसका पार्टी सभापति वर्ष ७६ को शेर बहादुर देउवा समेत.......................................................................................................... निवेदक / विपक्षी

विषयः **उत्प्रेषण/परमादेश समेत** ।

सम्मानित ईजलासवाट मिती २०७८।०२।२६ गते भएको आदेश बमोजिम यो लिखित बहसनोट प्रस्तुत गरिएको छ । प्रस्तुत मुद्दाका निवेदकहरुको माग दाबी संविधान र कानूनसम्मत नहुदा रिट निवेदन खारेज भागी छ भन्ने सम्वन्धमा देहायका बुँदाहरुमा यो बहसनोट पेश गरेका छौ ।

प्रस्तुत मुद्दामा सम्मानित इजलासबाट निम्न विषय निरुपण हुनु पर्ने देखिन्छः

क. नेपालको संविधानले बहुदलीय व्यवस्था भित्रै निर्दलीयताको परिकल्पना गरेको हो वा होईन ? संविधानको धारा ७६ को उपधारा (५) ले प्रतिनिधि सभाको सदस्यको दलीय आवद्धतालाई अस्विकार गर्दछ वा गर्दैन ?

ख. नेपालको संविधानले प्रतिनिधि सभाका सदस्यलाई धारा ७६ को उपधारा (५) बमोजिम प्रधानमन्त्री नियुक्त गर्ने क्रममा दलको निर्देशन (ह्वीप) उल्लंघन गर्ने छुट दिन्छ वा दिदैन ? दलीय अनुशासनको विरुद्ध गतिविधि गर्न दलका सदस्यहरु स्वतन्त्र हुन्छन वा हुदैनन् ?

ग. संविधानको धारा ७६ को उपधारा (३) बमोजिम नियुक्त प्रधानमन्त्रीले उपधारा (४) बमोजिम बिश्वासको मत नलिई उपधारा (५) बमोजिमको सरकार गठन प्रकृया सुरू गर्न राष्ट्रपति समक्ष सिफारिश गर्न पाउने हो, होइन? धारा ७६ को उपधारा (३) बमोजिम नियुक्त प्रधानमन्त्रीले धारा ७६ को उपधारा (५) अन्तर्गतको सरकार गठन प्रकृयामा दावी प्रस्तुत गर्न मिल्छ, मिल्दैन?

घ. सम्माननीय राष्ट्रपतिलाई संविधानको धारा ७६ को उपधारा (५) को सरकार गठनको सम्वन्धमा परेको दावी अनुरुप विश्वासको मत प्राप्त गर्ने आधार प्रस्तुत गरेको छ वा छैन भनी निर्णय गर्ने अधिकार हुन्छ वा हुदैन ? निवेदकको माग बमोजिम अदालत आफैले प्रधानमन्त्री नियुक्त गर्न मिल्छ वा मिल्दैन ?

ङ. नेपालको संविधानको धारा ७६ को उपधारा (५) वमोजिम प्रधानमन्त्री नियुक्त हुन नसकेको अवस्थामा धारा ७६ को उपधारा (७) वमोजिम प्रतिनिधि सभा विघटन वाहेक अन्य कुनै सम्वैधानिक विकल्प बाँकी थियो वा थिएन ?

च. राजनैतिक विवादको राजनैतिक छिनोफानो अदालतवाट गराई पाऊ भन्ने विपक्षीको रिट निवेदन माग वमोजिम अदालतले त्यस्तो विषयमा प्रवेश गर्न मिल्छ वा मिल्दैन?

छ. कोभिडको अवस्थामा निर्वाचन हुन सक्छ वा सक्दैन ?

ज. रिट निवेदकको माग अनुसारको आदेश जारी हुनु पर्ने हो वा होईन ?

माथि उल्लेख गरिएको प्रश्नहरुको निरुपणका लागि रिट निवेदन र लिखित जवाफमा उठाइएका विषयहरुका साथै संवैधानिक व्यवस्था, संविधानले आत्मसात् गरेको संसदीय शासन प्रणाली तथा सो सम्वन्धी अभ्यास, राजनीतिक दल

सम्बन्धी ऐन, सर्वोच्च अदालतवाट प्रतिपादन भएका नजीरहरु र अन्तर्राष्ट्रिय अभ्यास समेतका आधारमा रिट निवेदन खारेज गरी पाउन अनुरोध छ ।

उल्लिखित प्रश्नतर्फ प्रवेश गर्नुभन्दा अगाडि संवैधानिक इजलासको क्षेत्राधिकार सम्बन्धमा उल्लेख गरिएको छ। रिट निवेदकले प्रस्तुत निवेदन दायर गर्दा नेपालको संविधानको धारा १३३ को उपधारा (२),(३) र १३७ वमोजिम निवेदन पेश गर्नु भएको देखिन्छ। संविधानको धारा १३७ को उपधारा (२) र (३) वमोजिमको मुद्दाहरु संवैधानिक ईजलासको क्षेत्राधिकार भित्र पर्दछ । प्रस्तुत निवेदन संवैधानिक इजलासको क्षेत्राधिकार भित्र स्वतः पर्ने अवस्था संविधानत देखिदैन। यस मुद्दामा गम्भिर संवैधानिक व्याख्याको प्रश्न समावेश भएको भनी धारा १३७ को उपधारा (३) बमोजिम संवैधानिक ईजलासबाट हेर्ने गरी सम्माननीय प्रधान न्यायाधीशबाट कुनै आदेश भएको व्यहोरा सम्बन्धित मिसिलबाट देखिदैन। मिति २०७७ जेष्ठ १५ गते सम्माननीय प्रधानन्यायाधीशको इजलासबाट संवैधानिक ईजलासमा पठाईएका रिट निवेदनहरुको सूचीमा यो रिट निवेदन समावेश गरिएको छैन। उक्त रिट निवेदनहरु प्रस्तुत मुद्दाको लगाउमा समेत समावेश छैन।

**क. नेपालको संविधानले बहुदलीय व्यवस्था भित्रै निर्दलीयताको परिकल्पना गरेको हो वा होईन ? संविधानको धारा ७६ को उपधारा (५) ले प्रतिनिधि सभाको सदस्यको दलीय आवद्धतालाई अस्विकार गर्दछ वा गर्दैन ?**

१. **संविधानले बहुदलीय संसदीय प्रणाली अंगीकार गरेको हो निर्दलीयताको परिकल्पना गरेको छैन:-**

नेपालको संविधानको प्रस्तावना तथा संविधानको धारा ७४ मा नेपालको शासकीय स्वरूप बहुलवादमा आधारित बहुदलीय प्रतिस्पर्धात्मक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन प्रणाली हुने भन्ने कुरा स्पष्ट **उल्लेख** छ। नेपालको संविधानको धारा ५६ को उपधारा (६) मा राज्यको संरचना भित्रको संघ, प्रदेश र स्थानीय तहले '...बहुदलीय प्रतिस्पर्धात्मक लोकतान्त्रिक गणतन्त्रात्मक संघिय शासन प्रणाली' को संरक्षण गर्ने व्यवस्था गरेको छ। दलीय आधारमा सरकार गठन गर्ने संसदीय शासन प्रणालीको सबैभन्दा आधारभूत विशेषता हो। संविधानले निर्दलीय अभ्यासको कल्पना गर्दैन । रिट निवेदकहरुले दावी गरे बमोजिम संसद र सरकार सञ्चालन गर्ने हो भने त्यसले पञ्चायती व्यवस्थाको जस्तो निर्दलीयतालाई पुनः व्युँताउने छ। त्यसैले रिट निवेदन दावी संविधान र लोकतन्त्रको आधारभूत मूल्य र मान्यता विपरित छ। संविधानमा प्रयुक्त दलीय व्यवस्थासँग सम्बन्धित प्रावधानको समन्वयपूर्ण व्याख्या गर्दा यो विषय संविधानको आधारभूत संरचना र मूल भावना भित्र पर्दछ।

**२. विचार, दर्शन र कार्यक्रम अलग हुने तर दल एउटै हुनै सक्दैन**:- दुई वा सो भन्दा बढी राजनीतिक दलहरु कृयाशीलमात्र नभई प्रतिस्पर्धा हुने र देशको शासकीय प्रबन्धलाई सामान्य निर्देशन, नियन्त्रण र संचालन हुने अवस्थामा मात्र बहुदलीय संसदीय शासन प्रणाली जिवित रहन्छ। नेपालको संविधानको धारा २६९ को उपधारा (१) र राजनैतिक दल सम्वन्धि ऐन २०७३ को दफा ३ को उपदफा (१) ले एउटै विचारधारा, दर्शन र कार्यक्रम प्रति प्रतिवद्ध भएका व्यक्तिहरुको समूहबाट राजनीतिक दलको निर्माण हुने स्पष्ट गरेको छ। यसको स्वभाविक अर्थ हुन्छ, भिन्दा

भिन्दै विचार, दर्शन र कार्यक्रम भएमा अलग अलग पार्टीको निर्माण हुनु अनिवार्य हुन्छ। त्यसैले बहुदलीय प्रणालीमा एकभन्दा बढी दल अस्तित्वमा रहने व्यवस्थालाई अंगीकार गरिएको हुन्छ। नेपालको संविधानको धारा १७ को उपधारा (२) को खण्ड (ग) ले राजनीतिक दल खोल्ने स्वतन्त्रतालाई मौलिक हक अन्तर्गत प्रत्याभूत गरेको छ। यस्तो मौलिक हक मुलुकमा संकटकालीन अवस्थाको घोषणा वा आदेश जारी गर्दा त्यस्तो घोषणा वा आदेश बहाल रहने अवधीमासमेत निलम्बन गर्न नसकिने व्यवस्था संविधानको धारा २७३ को उपधारा (१०) को प्रतिबन्धात्मक वाक्यांशमा उल्लेख छ। राजनीतिक दललाई प्रतिबन्ध लगाउने गरी बनेका कानून वा गरिएका कुनै व्यवस्था वा निर्णय संविधान प्रतिकुल मानि स्वतः अमान्य हुने व्यवस्था संविधानको धारा २७० ले गरेको छ। यसैले नेपालको संविधानको धारा ७६ को उपधारा (५) को व्याख्या गर्दा संविधानका अन्य धाराको सापेक्षतामा मात्र ब्याख्या हुन सक्छ।

३. **दलको घोषणापत्र लिई जनतावाट निर्वाचित हुने जनप्रतिनिधिलाई आफ्नो दलको विरुद्ध उभिने स्वतन्त्रता हुदैन:-** बहुदलीय प्रतिस्पर्धात्मक शासन प्रणालीमा एकभन्दा बढी राजनीतिक दलले चुनावमा भाग लिन्छन् र बालिग मताधिकारको आधारमा निर्वाचित हुन्छन्। कुनै दलको तर्फबाट निर्वाचनमा भाग लिने व्यक्तिलाई सो दलको आधिकारीक र औपचारिक निर्णय, दलको चुनाव चिन्ह र दलीय घोषणापत्रप्रति प्रतिबध्द रहने गरी उम्मेदवार बनाइएको हुन्छ। त्यसैको आधारमा संसद सदस्यमा निर्वाचित भएका हुन्छन्। त्यसरी निर्वाचित प्रतिनिधि राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा २४ को उपदफा (२) बमोजिम सम्बन्धित संसदीय दलको सदस्य हुन्छ। यसरी निर्वाचित सदस्यहरुले सो ऐनको दफा ३१ को उपदफा (१) र (२) वमोजिम निजहरु सो पदमा वहल रहेसम्म दल त्याग गर्न सक्दैनन र त्यागेमा स्वतः त्यस्तो पदमा रहन योग्य हुदैनन्। यसैले नेपालको संविधानको धारा २६९ बमोजिम दर्ता भएको राजनैतिक दलले निर्वाचन प्रयोजनको लागी पुनः धारा २७१ बमोजिम दर्ता हुने व्यवस्था गरिएको छ। यसको अर्थ हो, बालिग मताधिकारको प्रयोगमात्र नभई दलीय प्रतिस्पर्धालाईसमेत नेपालको संविधानले अंगीकार गरेको छ। प्रतिनिधि सभामा हुने मतदान आम मतदाताले गर्ने जस्तो स्वतन्त्र मतदान होइन। आम मतदाताले आफूलाई मन परेको व्यक्ति वा पार्टीको उमेद्वार छान्न स्वतन्त्र हुन्छन्। तर, कुनै दलको तर्फबाट निर्वाचित भएको सभाको सदस्यले दलको निर्देशन विपरित स्वच्छन्दता पूर्वक मतदान गर्न सक्दैन। यसैले दलबाट निर्वाचित सांसदहरु कोहीपनि राजनैतिक दल सम्बन्धी ऐनको दफा ३३ मा तोकिएको अवस्थामा बाहेक कुनै पनि अवस्थामा दलीय नियन्त्रण भन्दा बाहिर हुदैनन्। त्यसमा पनि आफ्नै दलको विरुद्धमा विपक्षी गठवन्धनमा सामेल हुन र आफ्नो दलको नेता विरुद्धमा विपक्षी दलको नेतालाई प्रधानमन्त्री बनाउने जस्तो अनैतिक कार्य गर्ने हक कुनै संसद सदस्यलाई छैन।

४. **बहुदलीय संसदीय प्रणाली भित्रै निर्दलीय प्रतिस्पर्धाको लागी धारा ७६ को उपधारा (५) राखिएको होइन:-** संविधानको व्याख्या गर्दा संविधानले आत्मसात् गरेको प्रणाली र त्यो प्रणालीले बोकेको मूल्य मान्यता समेतका आधारमा गरिन्छ। त्यसैले संविधानको दर्पणको रुपमा रहेको प्रस्तावनाको समेत आफ्नै महत्व हुने भएकोले संविधानको व्याख्या गर्दा प्रस्तावनाको भावना एवं आधारभूत संरचना (Basic Structure) नभत्किने गरी गर्नु पर्दछ

।[1] नेपालको संविधानले "जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली"[2] लाई अंगीकार गरेको छ । प्रस्तुत विवादको निरुपण गर्नको लागि अदालतलेसंविधानको धारा ७४, ५६ को उपधारा (६), ८९(ङ), २६९, २७०, २७१, २७२ लगायतका धाराहरुलाई सामन्जस्यपूर्ण तरिकाबाट व्याख्या गरिनु पर्दछ । यसका साथै हरेक कानूनको व्याख्या गर्दा सबै धारा र दफाहरुमा लेखिएको कुराहरुलाई एकमुष्ट व्याख्या गर्नु पर्दछ।[3] संविधानका धारा ७६ को उपधाराको व्याख्या गर्दा सम्पूर्ण धारा एवं सम्पूर्ण संविधान समेतलाई हेर्नु पर्दछ। यस उपधारा (५) मा उल्लेख भएको कुनै पनि व्यवस्थाले नेपालको संविधान २०१९ को धारा ३४ मा जस्तो निर्दलिय निर्वाचन हुने परिकल्पना गरेको छैन। धारा ७६ को उपधारा (५) ले सांसदहरुलाई दलीय प्रणालीबाट स्वतन्त्र छाडिदिने व्यवस्था गरेको मान्ने हो भने प्रतिस्पर्धात्मक बहुदलीय शासन प्रणालीको मर्म र भावना विपरीत भई संविधानको आधारभूत संरचना नष्ट हुन्छ र संविधानको धारा ७४, ५६ को उपधारा (६), ८९(ङ), २६९, २७०, २७१, २७२ लगायतका धाराहरु निस्कृय हुन्छन्।

**ख. नेपालको संविधानले प्रतिनिधि सभाका सदस्यलाई धारा ७६ को उपधारा (५) वमोजिम प्रधानमन्त्री नियुक्त गर्ने क्रममा दलको निर्देशन (ह्वीप) उल्लंघन गर्ने छुट दिन्छ वा दिदैन ? दलिय अनुशासनको विरुद्धको गतिविधि गर्न दलका सदस्यहरु स्वतन्त्र हुन्छन वा हुदैनन् ?**

१. **लोकतन्त्रको लागि दलीय अनुशासन अपरिहार्य हुन्छः-** निवेदकहरुले संविधानको धारा ८९ को खण्ड (ङ) र राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को परिच्छेद ६ का प्रावधानहरु संविधानको धारा ७६ को उपधारा (५) को हकमा आकर्षित हुन सक्दैनन् भनि जिकीर लिनु भएको देखियो । लोकतन्त्रको स्वस्थता र सवलताको लागि दलीय अनुशासन अपरिहार्य मानिन्छ । दलीय संगठनका गतिविधि तथा क्रियाकलाप संचालन गर्दा अवलम्बन गर्ने कानूनी सामाजिक, संस्थागत, नियम, मर्यादा, आचरण, मूल्य, मान्यता, नैतिकताको समष्टि नै दलिय आचरण हो । यसले दलका सदस्य एवं पदाधिकारीहरुले के गरिनुपर्दछ र के गर्नु हुँदैन भन्ने कुरालाई निर्देशन गर्दछ । हाम्रो संविधान र कानूनले पनि दलीय अनुशासनलाई जोड दिएको पाइन्छ।

२. **दलको विधान पालना गर्नु दलका सदस्यको कर्तव्य हो** :- संविधानको धारा २६९ (१) र राजनैतिक दल सम्वन्धि ऐन २०७३ को दफा ३ ले समान राजनीतिक विचारधारा, दर्शन र कार्यक्रममा प्रतिबध्द व्यक्तिहरुले आफ्नो

---

[1] बिस्तृत जानकारीका लागि हेर्नुहोस्, Kesavananda Bharativ Vs. State of Kerala, (1973) 4 SCC 225, paras 94-98 p.324 ).

[2] नेपालकोसंविधानको प्रस्तावनाः … जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता तथा स्वतन्त्र, निष्पक्ष, र सक्षम न्यायपालिका र कानूनी राज्यकव अवधारणा लगायतका लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिबध्द रही समृध्द राष्ट्र निर्माण गर्न;...

[3] Maxwell, The interpretation of statutes 12th Edn. PP. 58-60 (1976)

राजनीतिक काम कारवाही संचालन गर्न राजनीतिक दल गठन गर्न सक्ने व्यवस्था गरिदिएको छ । यसरी गठन भएको दलको आफ्नो कार्यसम्पादन र आन्तरिक काम कार्वाहीलाई व्यस्थापन गर्न एउटा विधान हुन्छ । उक्त विधानमा दलको सदस्यता प्राप्त हुने तथा गुम्ने अवस्था, सदस्य तथा पदाधिकारीलाई हुन सक्ने अनुशासनात्मक कारवाही, लगायतका अन्य आवश्यक कुराहरु समावेश गर्नुपर्ने व्यवस्था राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ८ ले गरेको देखिन्छ । विधान विपरित काम गर्ने वा दलको आचारसंहिता पालना नगर्ने सदस्य वा पदाधिकारीलाई दलले विधानमा व्यवस्था भएबमोजिम अनुशासनात्मक कारवाही गर्न सक्ने व्यवस्था सोही ऐनको दफा १८ मा उल्लेख छ । त्यसैगरी दलले संविधान, राजनैतिक दल सम्बन्धी ऐन तथा यसअन्तर्गत बनेको नियम र दलको विधानको अधिनमा रही आफ्नो दल, पदाधिकारी, सदस्य र कार्यकर्ताले पालना गर्नुपर्ने आचार संहिता बनाई लागु गर्नुपर्ने र सो बमोजिमको आचार संहिता सम्बन्धित दल, पदाधिकारी, सदस्य र कार्यकर्ताले पालना गर्नुपर्नेछ । आचार संहिता पालना नगर्ने पदाधिकारी, सदस्य वा कार्यकर्तालाई दलको विधान बमोजिम कारवाही गर्नुपर्ने भन्ने दफा ५५ मा व्यवस्था छ । यसरी संविधान र कानूनले गरेको दलीय अनुशासन सम्बन्धी उपरोक्त व्यवस्थाले संवैधानिक सर्वोच्चता, कानूनको शासन, संसदीय मूल्य मान्यता, बहुदलीय प्रतिस्पर्धात्मक शासन प्रणाली, आवधिक निर्वाचन, सार्वभौम जनताको बालिग मताधिकार, सशक्त विपक्षी लगायतका संविधानवादका आधारभूत मान्यतालाई नियमित, संचालन, सम्बर्ध्दन र संरक्षण गरी लोकतान्त्रिक मूल्य मान्यताको जगेर्ना गर्दै राजनैतिक प्रणालीलाई असल मार्गमा डोर्याउन अभिप्रेरित गरेको देखिन्छ । अतः क्षणिक स्वार्थमा निहित रही दलीय नीति विपरीत अर्को कुनै दलको उम्मेदवारलाई प्रधानमन्त्रीका लागि समर्थन गरेका प्रतिनिधि सभाका सदस्यहरुलाई कुनै कारवाही नगर्नु भनी निवेदकहरुले लिनुभएको दावी संविधान, राजनीतिक दल सम्बन्धी संघीय कानून एवं पार्टीका घोषणापत्र र आचरण लगायत लोकतान्त्रिक मूल्य मान्यता समेतको विपरीत छ । दलीय पहिचान विरुध्दका गैरदलीय आभरण र व्यवहारलाई संविधानले स्वीकार गरेको छैन ।

३. **दलको निर्देशन (ह्वीप) र संसदीय दलका सवै सदस्यलाई लागू हुन्छः**- संसदको सदस्यमा निर्वाचित भएको प्रत्येक व्यक्ति दलको निर्देशन बाहिर स्वतन्त्र हैसियतमा हुदैन । त्यस्तो सदस्यलाई दलीय निर्देशन (ह्वीप) जारी हुन सक्नेछ । त्यस्तो निर्देशन (ह्वीप) संसदीय दलका प्रत्येक सदस्यले पालना गर्नु पर्नेछ । निर्देशन (ह्वीप) पालना नगरेमा त्यस्तो सदस्यको विवरण सचेतकले सम्बन्धित दलको केन्द्रीय समितिलाई दिनुपर्ने[४] व्यवस्था गरी संसदमा सदस्यलाई आफ्नो दलप्रति उत्तरदायी बनाएको देखिन्छ । सो बाहेक कुनै पनि दलको उम्मेदवार नभइ स्वतन्त्र रुपमा संसदमा निर्वाचित भएको व्यक्तिले कुनै दलको सदस्यता लिएमा निज स्वतः त्यस्तो दलको संसदीय दलको सदस्य हुनेछ भनी राजनैतिक दल सम्वन्धि ऐन २०७३ को दफा २९ मा व्यवस्था गरिएको छ । यसरी संसदमा दलीय पध्दतिलाई महत्व दिदै बहुदलीय मूल्य, मान्यता र मर्यादा भित्रको संसदीय प्रणालीलाई हाम्रो संविधानले आत्मसात् गरेको पाइन्छ । संसदीय दलको निर्देशन (ह्वीप) पालना गर्नुपर्ने, आफू निर्वाचित भएको दल त्याग गर्न नहुने जस्ता राजनीतिक दल

[४] राजनीतिक दल सम्बन्धी ऐन २०७३ को दफा २८ को उपदफा (३)

सम्बन्धी ऐनले गरेको कानूनी व्यवस्थाको उद्देश्य पनि यही हो । यो राजनीतिक नैतिकता र राजनीतिक अनुशासन (Political morality and political decipline) को प्रश्न पनि हो ।

४. **दलीय अनुशासन पालना नगर्ने व्यक्तिको हस्ताक्षरको कुनै मान्यता हुदैन**:- लिखित संविधान भएको मुलुकमा संविधानलाई मूल कानुन मानिन्छ । यसलाई राजनीतिक सहमतिको कानूनी दस्तावेज पनि भन्ने गरिन्छ । त्यसैले संविधानलाई कानूनी र राजनीतिक दुवै आँखाले हेरिन्छ ।[५] संविधानले देशको राजनीतिक संस्था, संरचना, गतिविधि र राज्य संचालन विधि निर्धारण गर्दछ । यसरी निर्धारण गरिएको राजनीतिक संस्था, संरचना, गतिविधि र राज्य संचालन विधि संविधानले आत्मसात् गरेको मूल्य, मान्यता र दर्शनको प्रतिकूल हुनुहुदैन । यदि त्यसो भयो भने संवैधानिक र राजनैतिक नैतिकता विपरीत भएको मानिन्छ । प्रस्तुत विवादमा अन्तर्निहित दलको सांसदहरुले दलको नीति विपरित गैरदलीय ढंगले अर्को दलको नेतालाई प्रधानमन्त्री बनाउन गरेको हस्ताक्षरलाई संवैधानिक नैतिकता अनुरुप भएको मान्न मिल्ने देखिदैन । यस्तो गैरदलीय ढंगबाट हस्ताक्षर गर्ने प्रवृत्तिले दलीय संसदीय व्यवस्थामा बहुदलीय व्यवस्थालाई कमजोर बनाउछ भने संविधानको प्रस्तावना, धारा ७४, धारा २६९, धारा २७०, धारा २७१ र धारा २७२ समेतले अंगीकार गरेको **"जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासनप्रणाली", "बालिग मताधिकार", "आवधिक निर्वाचन",/ निर्वाचन प्रणाली",** लगायतका लोकतान्त्रिक मूल्य मान्यता सम्बन्धी प्रावधानमा अन्तर्निहित भावना र मर्म प्रतिकूल हुन जाने र यसबाट गैर प्रजातान्त्रिक परिपाटीले मान्यता पाउने सिलसिला सुरू हुने देखिन्छ । त्यसैले लोकतन्त्रमा दलीय अनुशासन तोड्नेको समर्थनको कुनै अर्थ रहदैन । दलीय पध्दति, निर्णय र आचरण विपरित सांसदको व्यक्तिगत समर्थन जुटाउने कुरालाई संविधानको धारा ७६ को उपधारा (५) ले पनि संसदीय अभ्यास अनुकूलको आचरण मानेको देखिदैन । औपचारिक रुपमा दल विभाजन नभएको अवस्थामा प्रमुख प्रतिपक्ष दलको नेतालाई प्रधानमन्त्रीमा समर्थन गर्नु कानूनी र राजनीतिक अनुशासन तथा संसदीय मूल्य मान्यता विपरीत भएकाले **दलको निर्णय विनाको** नेकपा (एमाले) का २६ जना सदस्य र जनता समाजवादी पार्टी, नेपालका १२ जना सदस्यले दाबीकर्ता माननीय सदस्य श्री शेर बहादुर देउवालाई गरेको समर्थन हस्ताक्षरको क्रियाकलापले बैधता पाउने देखिदैन । यस्तो कार्य आफैमा दुषित हुन्छ ।

**ग. संविधानको धारा ७६ को उपधारा (३) बमोजिम नियुक्त प्रधानमन्त्रीले उपधारा (४) बमोजिम बिश्वासको मत नलिई उपधारा (५) बमोजिमको सरकार गठन प्रकृया सुरू गर्न राष्ट्रपति समक्ष सिफारिश गर्न पाउने हो, होइन? धारा ७६ को उपधारा (३) बमोजिम नियुक्त प्रधानमन्त्रीले धारा ७६ को उपधारा (५) अन्तर्गतको सरकार गठन प्रकृयामा दावी प्रस्तुत गर्न मिल्छ, मिल्दैन?**

---

[५] बरिष्ठ अधिवक्ता श्री दिनेश त्रिपाठी विरुध्द राष्ट्रपतिको कार्यालय समेत रिट नं ०७७-cc-०००३ माननीय न्यायाधीश श्री ईश्वर प्रसाद खतिवडाको राय प्रकरण नं ९

१. **प्रधानमन्त्री नियुक्ति सम्वन्धी बाध्यात्मक व्यवस्थाहरु**:- नेपालको संविधानको धारा ७६ को उपधारा (१) अनुसार प्रतिनिधि सभामा बहुमत अर्थात २७५ को वहुमत (१३८ संख्या) प्राप्त गर्ने दलको नेता लाई राष्ट्रपतिले प्रधानमन्त्री पदमा नियुक्ति गर्नु पर्दछ। यदि प्रतिनिधि सभामा कुनै दलको स्पष्ट बहुमत नभएको अवस्थामा दुई वा दुई भन्दा बढी दलको समर्थनमा बहुमत अर्थात १३८ जनाको समर्थन प्राप्त गर्न सक्ने प्रतिनिधि सभाको सदस्यलाई उपधारा (२) बमोजिम राष्ट्रपतिले प्रधानमन्त्री नियुक्त गर्नु पर्दछ। यसरी नै उपधारा (३) बमोजिम कुनै प्रधानमन्त्री नियुक्ति हुन नसकेमा वा यसरी नियुक्त प्रधानमन्त्रीले तीस दिन भित्र बिश्वासको मत प्राप्त नगरेमा राष्ट्रपतिले प्रतिनिधि सभामा सबैभन्दा ठुलो दलको नेतालाई प्रधानमन्त्रीमा नियुक्त गर्नु पर्दछ । उल्लेखित तीनवटै अवस्था राष्ट्रपतिको लागी बाध्यात्मक व्यवस्था हुन। संविधानको धारा ७६ को उपधारा (१) र (३) मा संसदीय दलको नेतामात्र प्रधानमन्त्री नियुक्त हुन सक्छ भने उपधारा (२) बमोजिम प्रधानमन्त्री नियुक्त गर्दा दलको कुनै पनि सदस्य प्रधानमन्त्री नियुक्त हुन सक्छ। यसमा राष्ट्रपतिबाट कसैलाई नियुक्ति नगर्ने वा नियुक्तिको आधार छ वा छैन वा आधार पर्याप्त भयो वा भएन भनी निर्णय गर्ने अधिकार संविधानले दिएको छैन । तर धारा ७६ को उपधारा (५) को व्यवस्था त्यस्तो बाध्यकारी नभई आधार छ, छैन भन्ने सम्बन्धमा राष्ट्रपतिबाट विचार हुनसक्ने देखिन्छ।

२. **विश्वासको मत प्राप्त** नभएको **कारण धारा ७६ को उपधारा (३) को सरकार गठन भएको हो :-** मिति २०७७ पुष ५ गते भएको प्रतिनिधि सभा विघटनको सिफारिश र निर्णय सम्मानित अदालतबाट वदर भै पुनर्स्थापना भएपश्चात् सम्माननीय प्रधानमन्त्रीले संविधानको धारा १०० को उपधारा (१) बमोजिम प्रतिनिधि सभामा मिती २०७८।१।२७ गते विश्वासको प्रस्ताव पेश गर्दा सो प्रस्ताव पारित हुन सकेन। तत्पश्चात् संविधानको धारा ७६ को उपधारा (८) वमोजिम सरकार गठन गर्ने प्रकृया शुरु हुँदा प्रतिनिधि सभामा कुनै पनि दलको बहुमत नभएको हुँदा संविधानको धारा ७६ को उपधारा (१) बमोजिमको सरकार गठन हुने अवस्था थिएन। तसर्थः सम्माननीय राष्ट्रपतिबाट संविधानको धारा ७६ को उपधारा (२) बमोजिम प्रतिनिधि सभामा प्रतिनिधित्व गर्ने दुई वा दुई भन्दा बढी दलहरुको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रतिनिधि सभाको सदस्यलाई मिति २०७८।१।३० गते साँझ ९:०० बजेसम्म प्रधानमन्त्रीमा नियुक्तिको लागि दाबी पेश गर्न आह्वान भएकोमा कुनै पनि सदस्यबाट त्यस्तो दाबी पेश हुन सकेन। सम्माननीय राष्ट्रपतिबाट संविधानको धारा ७६ को उपधारा (३) बमोजिम प्रतिनिधि सभामा सबैभन्दा बढी सदस्यहरू भएको दल नेपाल कम्युनिष्ट पार्टी (एमाले) को संसदीय दलका नेताको हैसियतले श्री केपी शर्मा ओलीलाई मिति २०७८।१।३० गते प्रधानमन्त्री पदमा नियुक्ति गर्नु भएको हो।

३. **संविधानको धारा ७६ को उपधारा (५) बमोजिम नयाँ सरकार गठनको प्रकृया प्रारम्भ गर्न सम्माननीय राष्ट्रपतिबाट आव्हान भएको हो :-** संविधानको धारा ७६ को उपधारा (३) बमोजिम प्रधानमन्त्रीमा श्री केपी शर्मा ओली नियुक्त भएपछि ऐ को उपधारा (४) बमोजिम तीस दिनभित्र विश्वासको मत प्राप्त गर्नु पर्ने थियो। संविधान बमोजिम तीस दिनभित्र विश्वासको मत लिन सकिने भए तापनि राजनीतिक गतिरोध र अन्योल अन्त्य गर्न यस विषयलाई जतिसक्यो छिटो टुङ्गो लगाउन अपरिहार्य भई प्रधानमन्त्रीले आफ्नो दलको सबै मत प्राप्त हुँदा समेत

आवश्यक बहुमत नपुग्ने र अरु कुनै दलले धारा ७६ को उपधारा (३) को प्रधानमन्त्रीको रुपमा समर्थन नगरेको अवस्थामा विश्वासको मत प्राप्त हुने अवस्था नभएकोले विश्वासको मत लिने नाममा केही दिन सरकार लम्बाउने मात्र हुन सक्ने अवस्था लाई अन्त्य गरी मुलुकलाई थप अन्योलमा राख्न उचित नभएको हुँदा वैकल्पिक सरकार गठनको लागि मार्ग प्रशस्त गर्न  मिति २०७८।२।६ मा सम्माननीय राष्ट्रपति समक्ष संविधानको धारा ७६ को उपधारा (५) बमोजिम प्रधानमन्त्री नियुक्ति प्रकृयाका लागि सफारिश गर्नुभएको हो । धारा ७६ को उपधारा (३) को प्रधानमन्त्रीले धारा ७६ को उपधारा (४)  वमोजिम विश्वासको मत लिनु पर्ने हुन्छ । तर धारा ७६ को उपधारा (५) वमोजिमको सरकार गठन गर्नको लागी विश्वासको मत लिन पर्ने हुदैन । त्यसैले संविधानको धारा ७६ को उपधारा (५) बमोजिम प्रधानमन्त्री नियुक्ति सम्बन्धी प्रक्रिया आरम्भ गर्न मिति २०७८।२।६ मा मन्त्रिपरिषबाट निर्णय भई संविधानको धारा ६६ को उपधारा (२) बमोजिम सम्माननीय राष्ट्रपति समक्ष  प्रधानमन्त्रीले सिफारिश गर्नु भएको देखिन्छ । सोही बमोजिम सम्माननीय राष्ट्रपतिबाट संविधानको धारा ७६ को उपधारा (५) बमोजिम प्रधानमन्त्री नियुक्ति गर्ने प्रयोजनका लागि मिति २०७८ जेठ ७ गते साँझ ५:०० बजे सम्म प्रतिनिधि सभामा विश्वासको मत प्राप्त गर्न सक्ने आधार प्रस्तुत गर्न संविधानको धारा ७६ को उपधारा (२) बमोजिमको प्रतिनिधि सभाका सदस्यलाई आह्वान गर्नुभएको हो ।

(४) **पहिलो दावीलाई अस्विकार गरी दोश्रो दावीकर्ताको मतको परिक्षण गर्न मिल्दैन:-** संविधानको धारा ७६ को उपधारा (५) बमोजिमको प्रधानमन्त्रीमा नियुक्त हुन जनता समाजवादी पार्टीका ३२ जना सांसदको समर्थन हुने गरी उक्त दलका अध्यक्ष श्री महन्थ ठाकुर र संसदीय दलका नेता श्री राजेन्द्र महतोबाट प्रतिनिधि सभा सदस्य श्री केपी शर्मा ओलीलाई  समर्थन भएको संलग्न कागजातबाट देखिन्छ । आफ्नो दलको १२१ जना सदस्य भएको र ३२ जना सदस्यको समर्थन भएकोले प्रतिनिधि सभामा विश्वासको मत प्राप्त गर्न सक्ने स्पष्ट आधार भएको हुँदा संविधानको धारा ७६ को उपधारा (५) बमोजिम प्रधानमन्त्रीमा नियुक्त गरी पाउँन सम्माननीय राष्ट्रपति समक्ष प्रतिनिधि सभाका सदस्य श्री केपी शर्मा ओलीले दाबी पेश गरेको भन्ने राष्ट्रपति कार्यालयको निर्णयमा स्पष्ट छ । सो वखत सम्म प्रधानमन्त्री नियुक्त गरिपाउन अरु कसैको दाबी पेश नभएको र पहिलो दाबी श्री केपी शर्मा ओलीको रहेको भन्ने समेत देखिन्छ । रिट निवेदकको निवेदन दाबी र सम्माननीय सभामुखको लिखित जवाफलाई हेर्ने हो भने पहिलो दाबी नै प्रतिनिधि सभामा परिक्षण गर्नु पर्ने अवस्था हुन्छ । पहिलो दाबीलाई अस्विकार गरी दोश्रो दाबी कर्ता विपक्षीलाई प्रतिनिधि सभामा विश्वासको मतको परिक्षण गर्न माग गरि दायर प्रस्तुत रिट खारेज भागी छ ।

(५) **धारा ७६ को उपधारा (५) बमोजिमको प्रक्रियामा रिट निवेदक आफै सहभागि भैसकेकोले दावीको कुनै सान्दर्भिकता छैन:-** प्रस्तुत विवादमा नेपालको संविधानको धारा ७६ को उपधारा (५) बमोजिम प्रधानमन्त्री नियुक्ति सम्बन्धी प्रकृया आरम्भ गर्न नेपाल सरकार मन्त्रिपरिषदबाट मिति २०७८।२।६ मा निर्णय भई सो बमोजिम प्रधानमन्त्री नियुक्ति प्रकृया आरम्भ हुन सम्माननीय प्रधानमन्त्रीज्यूबाट अनुरोध भई आएकोले नेपालको संविधानको धारा ७६ को उपधारा (५) बमोजिम प्रधानमन्त्री नियुक्ति गर्ने प्रयोजनका लागि मिति २०७८ जेठ ७ गते साँझ ५:०० बजेसम्म प्रतिनिधि सभामा विश्वासको मत प्राप्त गर्न सक्ने आधार प्रस्तुत गर्न सम्माननीय राष्ट्रपतिबाट नेपालको

संविधानको धारा ७६ को उपधारा (२) बमोजिमको प्रतिनिधि सभाका सदस्यलाई आव्हान भएपछि सो आव्हानलाई स्वीकार गरी रिट निवेदक मध्येका माननीय सदस्य श्री शेरबहादुर देउवाले आफूलाई प्रधानमन्त्री पदमा नियुक्त गर्न दावी प्रस्तुत गर्नुभएको देखिन्छ । यसरी संविधानको धारा ७६ (४) बमोजिमको प्रकृया अवलम्बन नगरेको भन्ने विषयलाई निवेदनमा उल्लेख गरेपनि सो तथ्यलाई स्वीकार गरी धारा ७६ (५) को प्रकृयामा निवेदक सामेल भई त्यसको अन्तिम नतिजा निस्के पश्चात् मात्र धारा ७६ (४) को प्रश्न उठाई विश्वासको मत नलिई तथा राजीनामा पनि नगरी धारा ७६ को उपधारा (५) को प्रकृयाका लागि राष्ट्रपति समक्ष सिफारिस गरेको कुरा संविधानतः त्रुटीपूर्ण छ भनी अदालतमा आएको स्थितिलाई समर्पणको सिध्दान्त (Doctrine of Submission) ले उपयुक्त मान्न मिल्ने नदेखिदा रिट निवेदनमा उठाइएको तत् सम्बन्धी प्रश्नको सान्दर्भिकता छैन ।

६. **सरकार गठनका लागि मार्ग प्रशस्त गरेको अवस्थामा संविधान बमोजिम अर्को सरकारको गठनको प्रकृया अवलम्बन गर्न संविधानले कुनै बाधा पुर्याएको देखिदैन:-** संविधानको धारा ७६ को उपधारा (१) बाहेक उपधारा (२) वा (३) मध्ये जुनसुकै उपधारा बमोजिम नियुक्त प्रधानमन्त्रीले आफूउपर प्रतिनिधि सभाको बहुमत सदस्यको विश्वासको मत छ भन्ने पुष्टि गर्न धारा ७६ को उपधारा (४) को प्रकृया अवलम्बन गर्ने हो । धारा ७६ को उपधारा (४) बमोजिम विश्वासको मत प्राप्त गर्ने स्थिति नै छैन भन्ने जानकारी प्राप्त भइरहेको अवस्थामा त्यस्तो प्रधानमन्त्रीले विश्वासको मत लिने चाहना नराखी सो विषय सम्माननीय राष्ट्रपतिलाई सिफारिश गरी धारा ७६ को उपधारा (५) बमोजिमको सरकार गठनका लागि मार्ग प्रशस्त गरिदिएको अवस्थामा त्यस्तो प्रधानमन्त्रीलाई विश्वासको मत लिनै पर्छ भनी बाध्य पार्न सक्ने अवस्था रहदैन । संविधानले निर्धारित गरेको समयसीमा भित्र विश्वासको मत प्राप्त गर्न नसकेमा वा उक्त समयसीमा भित्र विश्वासको मत प्राप्त हुन सक्ने अवस्था नभएकोले सो प्रकृयामा जान नचाहेको लिखित रुपमा अनुरोध गरी सम्माननीय राष्ट्रपतिलाई जानकारी गराएको अवस्थामा अर्को बैकल्पिक सरकारको गठन प्रकृया अवलम्बन गर्न संविधानले कुनै बाधा पुर्याएको देखिदैन ।

**७. धारा ७६ को उपधारा (३) बमोजिमको प्रधानमन्त्रीले उपधारा (५) को सरकार निर्माण गर्न राजिनामा दिनु पर्दैन :-** श्री केपी शर्मा ओली संविधानको धारा ७६ को उपधारा (३) बमोजिमको प्रधानमन्त्री हुनुभएको र धारा ७६ को उपधारा (५) को सरकार निर्माणका लागि मार्ग प्रशस्त गर्दा राजीनामा नदिएको कुरालाई पनि रिट निवेदनमा प्रमुखताका साथ उठाइएको छ । राजिनामा दिनुको अर्थ फेरी धारा ७६ को उपधारा (८) बमोजिम पुन ७६ को उपधारा (१) देखिकै प्रकृया दोहोरिनु हो । त्यसैले धारा ७६ को उपधारा (५) बमोजिम प्रधानमन्त्री नियुक्तिका लागि मार्ग प्रशस्त गरेको र सो बमोजिमको प्रक्रियामा रिट निवेदक आफै सहभागी भैसकेको देखिएकाले यो दाबीको कुनै सान्दर्भिकता छैन।

८. **धारा ७६ को उपधारा (३) को प्रधानमन्त्रीले धारा ७६ को उपधारा (५) को प्रधानमन्त्रीमा दावी गर्न नपाउने भन्ने देखिदैन:-** नेपालको संविधानको धारा ७६ को उपधारा (५) मा उपधारा (३) बमोजिम नियुक्त प्रधानमन्त्रीले उपधारा (४) बमोजिम विश्वासको मत प्राप्त गर्न नसकेमा उपधारा (२) बमोजिमको कुनै सदस्यले

प्रतिनिधि सभामा विश्वासको मत प्राप्त गर्न सक्ने आधार प्रस्तुत गरेमा राष्ट्रपतिले त्यस्तो सदस्यलाई प्रधानमन्त्री नियुक्त गर्नुपर्ने व्यवस्था रहेको पाइन्छ । संविधानको धारा ७६ को उपधारा (३) को प्रधानमन्त्रीले **विश्वासको** मत प्राप्त गर्न नसकी धारा ७६ को उपधारा (५) को प्रधानमन्त्रीको लागि दाबी गर्न नपाउने भन्ने संविधानमा देखिदैन । त्यस्तो प्रधानमन्त्रीले प्रतिनिधि सभाको सदस्यको हैसियतमा आफ्नो दलको र अन्य दलको समर्थनमा सरकार गठनको दावी गर्न नपाउने भन्ने प्रतिवन्धात्मक व्यवस्था संविधान तथा कानुनमा छैन । धारा ७६(३) र ७६(५) को सरकार नितान्त भिन्न हुन । एउटा उपधारा बमोजिम सरकार गठनमा विश्वासको मत नपाएको अवस्थामा अर्को उपधारा बमोजिम पनि विश्वासको मत प्राप्त गर्न नसक्ने भन्ने हो भने धारा ७६(१) बाहेक अन्य व्यवस्था खारेज भए सरह हुन्छ ।

९. **राजनीतिक घट्नाक्रम र परिस्थितिमा तात्विक परिवर्तन हुन आएकोले धारा ७६ को उपधारा (५) अन्तर्गतको सरकार गठन प्रकृयामा दावी प्रस्तुत गरेको विषय संविधान सम्मत छः-** प्रस्तुत विवादमा सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीले संविधानको धारा ७६ को उपधारा (३) बमोजिमको सरकारलाई विश्वासको मत प्राप्त गर्न विभिन्न राजनीतिक दलहरुबीच पटक पटक छलफल गर्दा पनि विश्वासको मत प्राप्त गर्ने आधार नदेखि धारा ७६ को उपधारा (५) बमोजिमको बैकल्पिक सरकारको गठनलाई मार्ग प्रशस्त गरिदिएको भनि मन्त्रिपरिषदबाट निर्णय गराई सम्माननीय राष्ट्रपतिलाई सिफारिश गर्नु भएको हो । सम्माननीय राष्ट्रपतिबाट प्रधानमन्त्री नियुक्तिका लागि प्रतिनिधि सभाका सदस्यलाई आव्हान भएको समय सीमाभित्र जनता समाजवादी पार्टी नेपालसँग भएको राजनीतिक सहमति बमोजिम सो पार्टीका ३२ जना सदस्यको समर्थन रहेको भनी सो पार्टीका तर्फबाट अध्यक्ष श्री महन्थ ठाकुर र संसदीय दलका नेता श्री राजेन्द्र महत्तोको हस्ताक्षर रहेको पत्र माननीय सदस्य श्री केपी शर्मा ओलीलाई प्राप्त भएको र सो पत्र प्राप्त भएपछि आफ्नो दलका १२१ जना समेत १५३ सदस्यको समर्थन पाउने आधार सहित माननीय सदस्य श्री केपी शर्मा ओलीले सम्माननीय राष्ट्रपति समक्ष प्रधानमन्त्री पदमा नियुक्तिको लागि दाबी पेश गर्नुभएको देखिन्छ । सो दावीबाट संविधानको धारा ७६ को उपधारा (३) बमोजिमको प्रधानमन्त्रीलाई विश्वासको मत दिन ईन्कार गरेको जनता समाजवादी पार्टी नेपालले धारा ७६ को उपधारा (५) बमोजिमको प्रधानमन्त्रीमा प्रतिनिधि सभाका माननीय सदस्य श्री केपी शर्मा ओलीलाई समर्थन गर्न मञ्जुर भएबाट[६] राजनीतिक घट्नाक्रम र परिस्थितिमा तात्विक परिवर्तन हुन आएकोले धारा ७६ को उपधारा (५) अन्तर्गतको सरकार गठन प्रकृयामा दावी प्रस्तुत गर्न मिल्ने स्पष्ट सम्वैधानिक व्यवस्थाको विपरित विपक्षीवाट दायर रिट खारेज भागीछ ।

**घ. सम्माननीय राष्ट्रपतिलाई संविधानको धारा ७६ को उपधारा (५) को सरकार गठनको सम्वन्धमा परेको दावी अनुरुप विश्वासको मत प्राप्त गर्ने आधार प्रस्तुत गरेको छ वा छैन भनी निर्णय गर्ने अधिकार हुन्छ वा हुदैन ? राष्ट्रपति समक्ष पेश गरिएको दावी अनुरुप निवेदकको माग वमोजिम अदालत आफैले प्रधानमन्त्री नियुक्त गर्न मिल्छ वा मिल्दैन ?**

---

[६] मिति २०७८।२।६ को जनता समाजवादी पार्टी नेपालको सरकार गठन सम्बन्धमा सम्माननीय राष्ट्रपतिलाई लेखेको पत्र ।

१. **सरकार निर्माणका लागि आधार पुगे नपुगेको निर्णय गर्ने राष्ट्रपतिलाई संविधानले अधिकार दिएको छ :-** संविधानको धारा ६१ को उपधारा (२) बमोजिम राष्ट्रपतिले यस संविधान र संघीय कानून बमोजिम आफ्नो कार्य सम्पादन गर्ने हो। धारा ६१ को उपधारा (४) बमोजिम संविधानको पालन र संरक्षण गर्नु राष्ट्रपतिको कर्तव्य पनि हो। धारा ६६ को उपधारा (१) बमोजिम राष्ट्रपतिले यो संविधान वा संघीय कानून बमोजिम निजलाई प्राप्त अधिकार र कर्तव्यको पालना गर्ने हो। संविधानले स्पष्ट रुपमा राष्ट्रपतिले गर्ने भनी किटानी गरेका कार्यहरु राष्ट्रपतिबाट सम्पन्न गर्नुपर्ने देखिन्छ। संविधानको धारा ११३ को उपधारा (३) मा अर्थ विधेयक बाहेक अन्य विधेयक फिर्ता गर्ने र धारा ७६ को प्रधानमन्त्री नियुक्तिको विषय यसै अन्तर्गत पर्दछन्। संविधानको धारा ७६ बमोजिमको प्रधानमन्त्री नियुक्त गर्दा अपनाइने कार्यविधि एवम् निर्णयको लागि राष्ट्रपतिलाई कुनै पदाधिकारीको सिफारिस आवश्यक पर्ने नभई राष्ट्रपतिबाट नै राष्ट्र प्रमुख एवं संविधानको पालक र संरक्षकको हैसियतमा निर्णय हुने विषय हो। तसर्थः संविधानको धारा ७६ को उपधारा (५) मा उपधारा (२) बमोजिमको कुनै सदस्यले प्रतिनिधि सभामा विश्वासको मत प्राप्त गर्न सक्ने आधार प्रस्तुत गरेमा राष्ट्रपतिले त्यस्तो सदस्यलाई प्रधानमन्त्री नियुक्त गर्नेछ भन्ने व्यवस्था भएबाट प्रधानमन्त्री नियुक्ति गर्ने प्रयोजनका लागि राष्ट्रपतिलाई संविधानको धारा ६६ को उपधारा (२) बमोजिम कुनै निकाय वा पदाधिकारी वा मन्त्रिपरिषदको सिफारिस आवश्यक पर्ने संवैधानिक व्यवस्था देखिदैन। संविधानको धारा ७६ को उपधारा (५) को सरकार निर्माणका लागि आधार पुगे नपुगेको विवेकपूर्ण निर्णय गर्ने संवैधानिक अधिकार राष्ट्रपतिमा निहीत रहेको छ। अदालतले निर्णयको वैधता (Lawfulness) परीक्षण गर्ने हो विवेक (Wisdom) को परिक्षण गर्ने होईन। सम्माननीय राष्ट्रपतिबाट मिति २०७८/०२/०७ मा भएको निर्णयमा संवैधानिक अधिकारको विवेकपूर्ण प्रयोग भै दाबी कर्ता निवेदक समेतले विश्वासको मत प्राप्त गर्नसक्ने आधार नदेखिएको भन्ने प्रष्ट उल्लेख भएको छ। नेपाल राजपत्रमा प्रकाशित यस सम्बन्धी सूचना संलग्न छ।

२.**जनताको प्रतिस्पर्धात्मक बहुदलीय शासन प्रणालीको आधारभूत मर्म र भावनाको संरक्षण, सम्बर्धन र जगेर्ना सम्माननीय राष्ट्रपतिबाट भएको छ:-** प्रस्तुत विवादमा सम्माननीय राष्ट्रपतिले नेपालको संविधानको धारा ७६ को उपधारा (५) बमोजिम प्रधानमन्त्रीको पदमा नियुक्ति गर्ने प्रयोजनका लागि प्रतिनिधि सभामा बिश्वासको मत प्राप्त गर्न सक्ने आधार सहित दावी प्रस्तुत गर्न संविधानको धारा ७६ को उपधारा (२) बमोजिमको प्रतिनिधि सभाका सदस्यलाई सम्वत् २०७८ साल जेठ ७ गते साँझ ५:०० बजे सम्मको समय दिई आव्हान गर्नु भएकोमा सो अवधि भित्र परेका प्रतिनिधि सभाका माननीय सदस्य श्री केपी शर्मा ओली र माननीय सदस्य श्री शेरबहादुर देउवाको दावी परेको थियो। प्रतिनिधि सभाका माननीय सदस्य श्री केपी शर्मा ओलीले नेकपा (एमाले) का १२१ र जनता समाजवादी पार्टी नेपालका ३२ जना सदस्यको समर्थन प्राप्त भएकोले धारा ७६ को उपधारा (५) र (६) बमोजिम प्रधानमन्त्री पदमा विश्वासको मत पाउन पर्याप्त आधार रहेको भनि पत्र पेश गर्नु भएको र जनता समाजवादी पार्टी नेपालको ३२ जना सदस्यको समर्थन रहेको भनी सो पार्टीको तर्फबाट अध्यक्ष श्री महन्थ ठाकुर र संसदीय दलको नेता श्री राजेन्द्र महतोको हस्ताक्षर रहेको पत्र प्राप्त भएकोमा उक्त दुवै दलको गरी १५३ सदस्यको समर्थन रहेको भनिएकोमा नेकपा (एमाले) का २६ जना सदस्य र जनता समाजवादी पार्टी नेपालका १२ जना सदस्यले अर्को दावीकर्ता माननीय सदस्य श्री शेरबहादुर

देउवालाई समर्थन गरी हस्ताक्षर गरेको देखिएको। प्रतिनिधि सभाका माननीय सदस्य श्री शेरबहादुर देउवाको तर्फबाट पेश भएको दावीमा नेपाली काँग्रेसका ६१ जना, नेकपा (माओवादी केन्द्र) का ४९ जनाको हस्ताक्षर र सम्बन्धित पार्टीको पत्र तथा जनता समाजवादी पार्टी नेपालका १२ जना, नेकपा (एमाले) का २६ जना तथा माननीय सदस्य श्री दुर्गा पौडेलको हस्ताक्षर सहित १४९ जनाको हस्ताक्षर रहेको, नेकपा (एमाले) बाट निर्वाचित सदस्यहरुका हकमा पार्टीको तर्फबाट अर्को दलका उम्मेदवारको पक्षमा हस्ताक्षर गरेका सदस्यहरुलाई मान्यता नदिन अनुरोध गर्दै निजहरुका हकमा दलीय अनुशासन विपरित हस्ताक्षर गरिएको पाइए प्रतिनिधि सभाको सदस्य नरहने गरी निष्कासन गरिने हुँदा हाल निजहरुको हस्ताक्षरको मान्यता नहुने भनि पार्टीका अध्यक्ष तथा संसदीय दलका नेताबाट लेखि आएको। यस्तै जनता समाजवादी पार्टी नेपालको तर्फबाट पनि पार्टीका सदस्यहरुले पार्टीको आचरण र मर्यादा विपरित हस्ताक्षर गरिएको बुझिएकोले त्यसलाई अस्वीकृत गरिदिनुहुन भनि उक्त पार्टीका अध्यक्ष श्री महन्थ ठाकुर र संसदीय दलका नेता श्री राजेन्द्र महत्तोको हस्ताक्षर सहितको पत्र प्राप्त भएको। अतः दावीकर्ता दुवै माननीय सदस्यहरुका समर्थनकर्ता भनिएका सदस्यहरु एक अर्कामा दोहोरो परेका, दलको निर्णय विपरीत एकले अर्कोलाई समर्थन गरेको समेत देखिएको र सम्बन्धित दलले मान्यता नदिन लेखि आएको समेत देखिएकोले नेपालको संविधानको धारा ८९ को खण्ड (ङ) समेत आकर्षित हुन सक्ने, राजनीतिक दल सम्बन्धि ऐन, २०७३ को परिच्छेद ६ का विषयहरु समेतलाई ध्यान दिदै दाबीकर्ता दुवै माननीय सदस्यहरुले संविधानको धारा ७६ को उपधारा (५) बमोजिम प्रतिनिधि सभामा विश्वासको मत प्राप्त गर्न सक्ने ठोस आधार नदेखिएकोले उक्त उपधारा (५) बमोजिमका दावीकर्ता दुवै माननीय सदस्यहरुको दावी नपुग्ने देखिएकोले प्रधानमन्त्री पदमा नियुक्ति गर्न मिल्ने देखिएन[७] भनि मिति २०७८।२।७ गते निर्णय गर्नु भएको देखिन्छ। संविधान बमोजिम संविधानको संरक्षण गर्नु राष्ट्रपतिको कर्तव्य हो। राष्ट्रपतिले आफूले कार्यसम्पादन गर्दा संविधान र कानून अनुसार नै सम्पादन गर्ने हो। अतः सम्माननीय राष्ट्रपतिबाट उक्त मितिमा गरेको निर्णयबाट मुलुकको प्रचलित संविधान र संघीय कानूनले अवलम्बन गरेको जनताको प्रतिष्पर्धात्मक बहुदलीय शासन प्रणालीको आधारभूत मर्म र भावनाको संरक्षण, सम्बर्ध्दन र जगेर्ना गर्दै दलीय अनुशासन विपरितका आचरणलाई निरुत्साहित गर्नुभएको देखिन्छ।

३. **सम्माननीय राष्ट्रपतिको मिति २०७८।२।७ गतेको निर्णयमा प्रतिनिधि सभामा विश्वासको मत पाउने आधारमा राष्ट्रपति सन्तुष्ट हुन नसक्नुका आधार र कारणको ठोस बिश्लेषण भएको छ :-** राष्ट्रपति कार्यालयमा दर्ता भई सम्माननीय राष्ट्रपति समक्षमा पेश गरिएको रिट निवेदकहरु मध्ये श्री शेरबहादुर देउवाको दाबी तथा सो साथ संलग्न कागजातमा दुईवटा दलको मात्र निर्णय साथ राखी पेश भएको, अन्य दलको पत्र संलग्न नभएको र हस्ताक्षरको सिलसिला नमिलेको, प्रतिनिधि सभा सदस्यको दलीय हैसियत नखुलेको अवस्थाको विद्यमानता छ। त्यस्तै अर्का दाबीकर्ता श्री केपी शर्मा ओलीले आफूलाई समर्थन हुने भनी पेश गरेको दलका सदस्यहरुले अर्का दाबीकर्तालाई समर्थन गरेको देखिएको छ। यसरी उक्त दुवै दाबी राजनीतिक दलको मान्यता एवं दलका सदस्यले पालना गर्नु पर्ने

[७] मिति २०७८।२।७ को राष्ट्रपति कार्यालयको विज्ञप्ति र नेपाल राजपत्र, २०७८ साल जेठ ७ गते, (अतिरिक्ताङ्क १६ग खण्ड ७१)।

अनुशासन तथा राजनीतिक नैतिकता अनुकुल नदेखिएको अवस्थामा त्यस्तो दुबै दाबीलाई संवैधानिक तवरले विश्वासको मत पाउने विश्वसनीय आधार नदेखि दुवै दाबीकर्ताको दाबी नपुग्ने गरी सम्माननीय राष्ट्रपतिबाट निर्णय भएको हो भन्ने राष्ट्रपति कार्यालयको लिखित जवाफमा उल्लेख छ । सम्माननीय राष्ट्रपति समक्ष पेश गरिएका दुवै दाबी अध्ययन हुँदा प्रतिनिधि सभामा विश्वासको मत पाउने आधारमा राष्ट्रपति सन्तुष्ट हुन नसक्नुका आधार र कारणको ठोस बिश्लेषण गरी निर्णय भएको देखिन्छ । राष्ट्रपतिबाट भएको उक्त निर्णयको उपयुक्तताको परीक्षण वा न्यायिक पुनरावलोकन सम्मानित अदालतबाट हुने सक्ने होइन । संवैधानिक भूमिकामा रहेका राष्ट्रपतिले यस्तो अवस्थामा विवेकपूर्ण निर्णय गरेका उदाहरण पनि पाइन्छन् ।[८]

४. **हस्ताक्षर सनाखत गराउने कार्य सम्माननीय राष्ट्रपतिको अभिभारा होईन** :- संविधान बमोजिम प्रधानमन्त्री नियुक्त गर्ने अभिभारा राष्ट्रपति उपर रहेकोले प्रतिनिधि सभामा संसदीय दलहरूको संख्यात्मक स्थितिको आधारमा प्रधानमन्त्रीको नियुक्ति र मन्त्रिपरिषद्को गठनको सम्भावना यकिन गर्ने र तत्सम्बन्धी प्रकृया प्रारम्भ गर्ने अभिभारा पनि संविधानको धारा ७६ बमोजिम राष्ट्रपति उपर रहेको देखिन्छ । प्रतिनिधि सभामा विभिन्न दलहरूको संख्यात्मक स्थितिका आधारमा सरकारको विकल्प रहे नरहेको हेरिन्छ । धारा ७६ को उपधारा (५) अनुसार उपधारा (३) बमोजिम नियुक्त प्रधानमन्त्रीले उपधारा (४) बमोजिम विश्वासको मत प्राप्त गर्न नसकेमा उपधारा (२) बमोजिमको कुनै सदस्यले प्रतिनिधि सभामा विश्वासको मत प्राप्त गर्न सक्ने आधार प्रस्तुत गरेमा राष्ट्रपतिले त्यस्तो सदस्यलाई प्रधानमन्त्रीमा नियुक्ति गर्नेछ भन्ने संवैधानिक व्यवस्थाको सन्दर्भमा राष्ट्रपतिबाट सो उपधारा (५) अन्तर्गत मन्त्रिपरिषद्को गठन गर्ने प्रयोजनको लागि कुनै सदस्यले प्रतिनिधि सभामा विश्वासको मत प्राप्त गर्न सक्ने भनि प्रस्तुत गरेको आधार संविधान र राजनीतिक दल सम्बन्धी प्रचलित कानून बमोजिम उपयुक्त छ छैन भन्ने जानकारी लिनुपर्ने हुन्छ । त्यस्तो अवस्थामा सम्माननीय राष्ट्रपतिज्यूबाट रिट निवेदकहरुले जिकीर लिनुभए जस्तो प्रतिनिधि सभाका सदस्यहरूको व्यक्तिगत राय बुझ्न र हस्ताक्षर सनाखत गराउन समेत आवश्यक छैन । यस्तो अवस्थामा सम्मानित अदालतबाट समेत राष्ट्रपतिले कुनै खास प्रकृया नै अवलम्बन गर्नुपर्दछ भन्न मिल्ने अवस्था पनि देखिदैन ।

५. **राष्ट्रपतिवाट भएको निर्णय उपर कुनै अदालतमा प्रश्न उठाउन मिल्दैन:-** राष्ट्र प्रमुखलाई कुनै पनि अवस्थामा विवादमा ल्याउन नहुने र राष्ट्रपतिबाट सम्पादित कामकारवाहीका सम्बन्धमा अदालतमा प्रश्न उठाउन नहुने अन्तराष्ट्रिय मान्यता हो । संविधानको धारा ७६ को सरकार गठनको लागि राष्ट्रपतिलाई प्रधानमन्त्री वा अन्य कुनै निकाय वा पदाधिकारीको सिफारिश वा मन्त्रिपरिषदको निर्णय आवश्यक नपर्ने र सो अधिकार राष्ट्रपति स्वयंबाट राष्ट्रप्रमुख एवं संविधानको संरक्षकको हैसियतले प्रयोग र पालना हुने विषय संविधानले सुम्पिएको छ । संविधानले सुम्पिएको सो जिम्मेवारी पुरा गर्ने सिलसिलामा आफ्नो पदीय हैसियतले सम्पादन गरेका काम कारबाहीको विषयमा निज पदमा रहँदा वा सेवा निवृत भएपछि निज उपर मुद्दा नचलाइने भनी "राष्ट्रपति र उपराष्ट्रपतिको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७४" को दफा १६ मा व्यवस्था गरी पदीय उन्मुक्ति समेत प्रदान गरिएको छ । त्यसलाई स्वयम्

[८] भारतमा चौधरी चरण सिंहलाई प्रधानमन्त्रीको पदमा नियुक्ति गरेको विषयलाई यसको उदाहरणको रुपमा लिन सकिन्छ ।

निवेदकले पनि अन्यथा भन्न सक्ने अवस्था छैन । त्यसैले कसैको सिफारिश बिना राष्ट्रपतिबाट संविधान बमोजिम सम्पादन भएको कामकारवाहीका विषयमा कुनै अदालतमा प्रश्न उठाउन मिल्दैन । तसर्थ रिट निवेदन खारेज भागी छ ।

**ङ. नेपालको संविधानको धारा ७६ को उपधारा (५) वमोजिम सरकार गठन हुन नसकेको अवस्थामा धारा ७६ को उपधारा (७) वमोजिम प्रतिनिधि सभा विघटन वाहेक अन्य कुनै सम्वैधानिक विकल्प बाकी थियो वा थिएन ?**

१. **धारा ७६ का सम्पूर्ण प्रकृया समाप्त भई बाध्यात्मक अवस्थामा धारा ७६ को उपधारा (७) को प्रयोग भएको छ :-** संविधानको धारा ७६ को उपधारा (१), (२), (३) र (५) को समग्र बनोटलाई हेर्दा प्रधानमन्त्री नियुक्तिमा एक पछि अर्को प्रकृया अभ्यासगत रुपमा प्रतिनिधि सभा भित्र क्रियान्वयन हुँदै गई प्रधानमन्त्री नियुक्त हुन नसकेको वा विश्वासको मत प्राप्त गर्न नसकेको अवस्था सिर्जना भएमा त्यस्तो बाध्यात्मक अवस्थामा धारा ७६ को उपधारा (७) बमोजिम तत्काल बहाल रहेको प्रधानमन्त्रीको सिफारिसमा प्रतिनिधि सभा विघटन हुने संवैधानिक व्यवस्था रहेको भन्ने अर्थमा नै बुझाउँछ भनी सम्मानित सर्वोच्च अदालतबाट अधिवक्ता सन्तोष भण्डारी विरुद्ध राष्ट्रपतिको कार्यालय, शीतल निवास (०७७–WC–००२८ समेत संक्षिप्त आदेश प्रकरण नं ३) को रिटमा व्याख्या भइसकेको छ। प्रस्तुत विवादमा प्रकट भएका बस्तु तथ्य हेर्दा मिति २०७८।०१।३० मा धारा ७६ (३) बमोजिम नियुक्त प्रधानमन्त्रीले विश्वासको मत पाउने अवस्था नदेखिदा धारा ७६ (५) बमोजिमको सरकार निर्माणका लागि मार्ग प्रशस्त गरिदिएको अवस्थामा सम्माननीय राष्ट्रपतिले नेपालको संविधानको धारा ७६ (५) बमोजिम प्रधानमन्त्री नियुक्ति गर्ने प्रयोजनका लागि प्रतिनिधि सभामा विश्वासको मत प्राप्त गर्न सक्ने आधार सहित दावी प्रस्तुत गर्न आव्हान भएको समयावधि भित्र प्रतिनिधि सभाका माननीय सदस्य श्री शेरबहादुर देउवा र माननीय सदस्य श्री केपी शर्मा ओलीको दावी पेश भएका र दुवै माननीय सदस्यहरुको दावी नपुग्ने देखिएकोले प्रधानमन्त्रीको पदमा नियुक्त गर्न मिलेन भनी सम्माननीय राष्ट्रपतिबाट मिति २०७८।२।७ मा गरेको निर्णयबाट मन्त्रिपरिषदको गठन सम्बन्धी संविधानको धारा ७६ का सम्पूर्ण प्रकृयाहरु समाप्त भै धारा ७६ को उपधारा (७) बमोजिम प्रतिनिधि सभा विघटन भएको कार्य संविधान सम्मत भएकाले रिट निवेदन खारेज भागी छ ।

२) संविधानको धारा ७६ को उपधारा (५) र (७) को बनोटलाई हेर्ने हो भने उपधारा (५) बमोजिम प्रधानमन्त्री नियुक्ति नभएको अवस्थामा नेपालको संविधानको धारा ७६ को उपधारा (७) बमोजिम नयाँ निर्वाचनमा जानु बाहेक कुनै संवैधानिक विकल्प बाँकी हुदैँन। सो धारामा प्रयोग भएको भाषा अनुसार प्रस्तुत मुद्दाको सन्दर्भमा प्रतिनिधि सभा विघटनको लागि निम्न शर्तहरु पूरा भएका छन् वा छैनन् भन्नेसम्म अदालतले हेर्न सक्छ ।

क. संसद बिघटन गर्ने सिफारिस प्रधानमन्त्रीले गरे नगरेको?

ख. संसद बिघटनको घोषणा राष्ट्रपतिबाट भए नभएको? र

ग. संसद बिघटन गर्ने सूचनासाथ छ: महिनाभित्र अर्को निर्वाचनको मिति तोकिए नतोकिएको?

यदि माथि उल्लेख गरिएका शर्त एवं प्रश्नहरुको सकारात्मक उत्तर प्राप्त हुन्छ भने बाँकी बिषयमा अदालत प्रवेश गर्नु हुँदैन । प्रस्तुत मुद्दामा उल्लिखित शर्तहरु पूरा भएको छ। प्रतिनिधि सभा विघटन गरी निर्वाचनको मिति तोक्नु बाहेक अन्य कुनै बिकल्प थिएन। किनकि, धारा ७६ (३) बमोजिमको प्रधानमन्त्रीले विश्वासको मत लिन नसकेको र धारा ७६ (५) बमोजिम सरकार गठन हुन नसकेपछि सरकार गठन सम्बन्धी संविधानमा भएका कुनै बिकल्पहरु नरहेको प्रष्ट छ। यसरी संविधानको धारा ७६ को उपधारा (१), (२), (३) र (५) बमोजिम सरकार गठन सम्बन्धी प्रकृया समाप्त भएको, धारा ७६ (३) बमोजिम विश्वासको मत प्राप्त गर्न नसकी उपधारा (५) बमोजिम सरकार गठन हुन नसकेको हुँदा प्रधानमन्त्रीको सिफारिसमा उपधारा (७) बमोजिम प्रतिनिधि सभा विघटन गर्ने गरी निर्वाचनको मिति तोक्ने गरी भएको निर्णय संविधान सम्मत् रहेको छ। रिट निवेदन खारेज गरिपाँऊ।

**च. राजनैतिक विवादको राजनैतिक छिनोफानो अदालतवाट गराई पाऊ भन्ने विपक्षीको रिट निवेदनको माग वमोजिम अदालतले त्यस्तो विषयमा प्रवेश गर्न मिल्छ वा मिल्दैन?**

१. **राजनीतिक विवादमा अदालतले हस्तक्षेप गर्नु हुँदैन:-** संसद बिघटनको बिषयलाई संप्रभुको विशेषाधिकारको रुपमा स्वीकार गर्नुको एउटा कारण यो राजनैतिक बिषय भएकोले पनि हो । राज्यका तीन अङ्गमध्ये व्यवस्थापिका र कार्यपालिका राजनैतिक निकाय हुन् भने न्यायपालिका न्यायिक निकाय हो । राजनैतिक अङ्गहरुबीच हुने राजनैतिक झगडामा न्यायापालिकाले संयमता अपनाई त्यस्ता बिषयमा प्रवेश नगर्नु नै उचित हुन्छ । यसबाट न्यापालिकालाई स्वच्छ र बिवादरहित बनाउन मद्दत पुग्दछ। राज्यका हरेक अङ्गले अर्को अङ्गको कार्यप्रति अनावश्यक चासो राख्ने र हस्तक्षेप गर्नु उपयुक्त हुँदैन। यसो गरियो भने संविधानले कोरेको सीमारेखा[९] र शक्ति पृथकीकरणको मर्ममाथि प्रहार हुन पुग्दछ।

२. **न्यायिक रूपमा व्यवस्थापन गर्न सकिने मापदण्ड ( judicially manageable standard) भित्र पर्ने बिषयमा मात्र अदालत प्रवेश गर्नु पर्दछ :-** राजनैतिक विवादहरुको न्यायिक निरुपण हुन सक्दैन । यस्ता बिवादहरुलाई Political Question Doctrine को रुपमा मानिदै आएको छ। Baker v. Carr[१०] को मुद्दामा अदालतले केवल संवैधानिक एवं कानूनी मापदण्डभित्रका विवादहरुको मात्र निरुपण गर्नु पर्दछ भनी अमेरिकी अदालतले सिद्धान्त विकास गरेको पाइन्छ। उक्त मुद्दामा भनिएको छ;–

---

[९] नेपालको संविधानको धारा ५६(६) मा शक्ति पृथकीकरणको सिद्धान्तलाई आत्मसात गरेको छ।

[१०] 1962, 369 US 186

A lack of judicially discoverable and manageable standards for resolving issues and the impossibility of deciding without an initial polity determination of a kind clearly for non-judicial discretion. The courts cannot rejects as no lawsuit a bonafide controversy as to whether some action determinated political exceeds constitutional authority. यसकारण अदालत judicially manageable standard भित्र पर्ने बिषयमा मात्र प्रवेश गर्नु पर्दछ।

३. **व्यवस्थापिकीय अंगको संरचना र कार्यविधिसँग सम्बन्धित विषय राजनीतिक प्रश्न होः-** अमेरिकी सर्वोच्च अदालतले US v. Palmer[११] र Luther v. Borden[१२] लगायतका मुद्दाहरुमा विदेशी सरकारको मान्यता समावेश भएको विषय, कुनै क्षेत्रको सार्वभौमसत्ता समावेश भएको विषय, कुटनीतिज्ञको आचरण समावेश भएको विषय, युद्ध वा हिंसात्मक कारबाहीसँग सम्बन्धित विषय, सन्धिसँग सम्बन्धित विषय, सशस्त्र सेनाको वैदेशिक रोजगारीसँग सम्बन्धित विषय र व्यवस्थापिकीय अंगको संरचना र कार्यविधिसँग सम्बन्धित विषयलाई राजनीतिक प्रश्नको रुपमा स्थापित गरेको र यस्ता बिवादहरुमा अदालत प्रवेश नगर्ने नीति अवलम्बन गरेको छ। त्यसैगरी *Nixon v. United States*[१३] को मुद्दामा अमेरिकी सर्वोच्च अदालतले भनेको छ;–

> "… the procedure used by the Senate to "try" impeachment would be precluded from judicial review because of justiciable political question based on "Sole" power of the Senate regarding impeachment."

४. **संसद बिघटन लगायतका विशेषाधिकारका बिषयमा अदालतले आत्मसंयमता अपनाउनु पर्छः-** बेलायती अदालतहरुले पनि राजनैतिक प्रश्नहरु एवं प्रधानमन्त्रीको विशेषाधिकारका बिषयमा अदालत प्रवेश नगर्ने नीति अवलम्बन गरेका छन् । *Council of Civil Service Union (CCSU) v. Minister for the Civil Service*[१४]को मुद्दामा संसद बिघटन लगायतका विशेषाधिकारका बिषयमा अदालत प्रवेश गर्न नहुने कुरा उल्लेख गरिएको छ ।

५. **राजनीतिक दलको आन्तरिक विवाद प्रचलित ऐन र दलको विधान बमोजिम समाधान गर्नु सम्बन्धित दलका प्रत्येक सदस्यको कर्तव्य होः-** राजनैतिक प्रश्नहरुको बिवादमा प्रवेश गरी बिवादको समाधान गर्ने कुरामा नेपालको सर्वोच्च अदालतले आत्मसंयमता अपनाएको देखिन्छ। अधिवक्ता राधेश्याम अधिकारी वि. मन्त्रिपरिषद्

---

[११] 16 U. S. 610 (1818)

[१२] 48 US 1 - 1849

[१३] (506 U.S. 224 (1993)

[१४] (1984) 3 All ER 935: (1985) AC 374

सचिवालय समेत,[१५] हरिप्रसाद नेपाल समेत वि. प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालासमेत,[१६]अधिवक्ता रविराज भण्डारीसमेत वि. प्रधानमन्त्री मनमोहन अधिकारीसमेत,[१७] चित्रबहादुर के.सी.समेत विरुद्ध प्रधानमन्त्री शेरबहादुर देउवा समेत[१८]का मुद्दाहरुमा राजनैतिक बिवादका बिषयमा अदालत प्रवेश गर्न नहुने कुरा उल्लेख भएको छ। हरिप्रसाद नेपाल समेत वि. प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालासमेत भएको मुद्दामा राजदरबारबाट प्रकाशित विज्ञप्तिलाई मध्यनजर राख्दा पनि प्रधानमन्त्रीले राजनीतिक कारण देखाई प्रतिनिधि सभा विघटनको सिफारिस गर्नु भएको देखिन आएकोले सो राजनीतिक कारणको औचित्य वा पर्याप्तताको क्षेत्रभित्र अदालतले प्रवेश गरी शक्ति पृथकीकरणको सिद्धान्त बमोजिम मूल्यांकन गर्न मिल्ने देखिदैन भनी रिट निवेदन खारेज गरिएको थियो। त्यस्तै गरी अधिवक्ता रविराज भण्डारी समेत वि. प्रधानमन्त्री मनमोहन अधिकारीसमेत भएको मुद्दामा राजनीतिक प्रश्नको अवधारणा वस्तुतः अदालतको अधिकारलाई सीमित वा कुण्ठित गर्नको लागि संविधान वा कानूनले नै परिभाषित गरेको कुनै अवधारणा नभएर न्यायपालिकाले स्वयं प्रतिपादित गरेको एउटा सैद्धान्तिक अवधारणा हो। यसको एउटै प्रयोजन संवैधानिक अंगहरूका बीच अनावश्यक द्वन्द्व र टकरावको स्थितिको सृजना हुन नदिई ती सबै अंगहरूले आफू आफ्नो कार्य क्षेत्र र अधिकारको प्रयोग स्वतन्त्रतापूर्वक गर्न सकुन भन्ने हो। चित्रबहादुर के.सी. समेत वि. प्रधानमन्त्री शेरबहादुर देउवासमेतको मुद्दामा (अन्तिम प्रकरण ७) प्रधानमन्त्रीले विभिन्न कारणहरु देखाई संविधानको धारा ५३ (४) बमोजिम प्रतिनिधि सभा विघटनको सिफारिस गर्नु भएको देखिएकोले ती राजनीतिक कारणको औचित्य वा पर्याप्तताको क्षेत्रभित्र अदालतले प्रवेश गरी शक्ति पृथकीकरणको सिद्धान्त बमोजिम निरुपण गर्न मिल्ने देखिदैन। सबै प्रकृतिका घटना, विवाद र समस्याको उपचार (panacea) अदालत हुन सक्दैन भनिएको छ । अधिवक्ता विजयराज शाक्यसमेत वि. सम्माननीय राष्ट्रपति रामबरण यादवसमेत,[१९] भएको मुद्दामा राजनीतिक औचित्यताको विषयमा यस अदालतबाट कसैलाई उत्तरदायी बनाउने गरी हस्तक्षेप हुन शक्ति पृथकीकरण र संविधानवादको सिद्धान्त समेतबाट उपयुक्त नहुने भनिएको छ। सन्तोष भण्डारी समेत विरुध्द सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओली समेत[२०] भएको संसद विघटन मुद्दामा राजनीतिक दलको आन्तरिक विवाद प्रचलित ऐन र दलको विधान बमोजिम समाधान गर्नु सम्बन्धित दलका प्रत्येक सदस्यको कर्तव्यको विषय हुने भनिएको छ

६. **संसद विघटन Go to the people को सिध्दान्तमा आधारित छ:-** राजनैतिक विवाद निरुपण गर्ने जिम्मा सार्वभौम जनतालाई नै दिनु उपयुक्त हुन्छ । नेपालको संविधानको धारा ७६ को उपधारा (७) को व्यवस्था Go to the people को सिद्धान्तमा आधारित व्यवस्था हो। प्रतिनिधि सभाले सरकार गठन गर्न नसकेको अवस्थामा त्यसको

---

[१५] ने.का.प. २०४८, अंक १२, नि. नं. ४४३०

[१६] ने.का.प. २०५२ स्वर्ण शुभजन्मोत्सव विशेषांक, नि.नं. ०२

[१७] ने.का.प. २०५२ स्वर्ण शुभजन्मोत्सव विशेषांक, नि.नं. ०१

[१८] सम्बत् २०५९ सालको रिट नं. ३५४२, आदेश मिति २०५९।४।२१

[१९] ने.का.प. २०६७, अंक ९, नि. नं. ८४५७

[२०] रिट नं ०७७-WC-००२८ निर्णय मिति २०७७।११।११ को संक्षिप्त आदेश प्रकरण नं ४

विघटन अनिवार्य हुन्छ। र नयाँ निर्वाचनमा जाने बाटो उक्त धाराले दिएको छ। नयाँ निर्वाचन गरी जनताको मत प्राप्त गर्न प्रकृया नै लोकतन्त्रको आधार हो ।

## छ. कोभिड को बीचमा निर्वाचन हुन सक्छ वा सक्दैन ?

१. **कोभिडको बीचमा निर्वाचन हुन सक्छ**:- निवेदकहरुले कोभीड-१९ को महामारीमा निर्वाचनमा जानु असम्भव प्राय छ भनि जिकीर लिनु भएको छ । कोभिडको अवस्थामा पनि भारतका विभिन्न राज्यहरु आसाम, केरला, तामिलनाडु, पश्चिमबंगाल आदिमा निर्वाचन सम्पन्न भएका छन् । त्यसैगरी Burundi, Poland, South Korea, Montenegro, Singapore, Mongolia, Belarus, Sri Lanka, Croatia, Serbia, Iceland, Trinida and Tobago[२१] लगायतका मुलुकहरुले पनि कोभिडका समयमा निर्वाचन सम्पन्न गरेका उदाहरणहरु छन । नेपालको संविधानको धारा ७६ को उपधारा (७) मा उपधारा (५) बमोजिम … वा प्रधानमन्त्री नियुक्त हुन नसकेमा प्रधानमन्त्रिको सिफारिसमा राष्ट्रपतिले प्रतिनिधि सभा विघटन गरी छ महिना भित्र अर्को प्रतिनिधि सभाको निर्वाचन सम्पन्न हुने गरी निर्वाचनको मिति तोक्नु पर्ने उल्लेख गरेको छ । संविधानको सोही आधारमा नेपाल सरकार मन्त्रीपरिषदबाट मिति २०७८।२।८ मा निर्णय भै सोही बमोजिम सम्माननीय प्रधानमन्त्रीज्यूबाट प्रतिनिधि सभा विघटनको सिफारिश भएकाले सम्माननीय राष्ट्रपतिज्यूबाट बर्तमान प्रतिनिधि सभा विघटन गर्न र अर्को प्रतिनिधि सभाको पहिलो चरणको निर्वाचन सम्वत् २०७८ साल कार्तिक २६ गते शुक्रबार र दोश्रो चरणको निर्वाचन सम्वत् २०७८ साल मंसीर ३ गते शुक्रवार सम्पन्न गर्ने गरी निर्वाचनको मिति तोक्नु भएको छ । उक्त अवधिभित्र सबैलाई खोप दिने र स्वास्थ्य मापदण्ड कायम गरी सतर्कता र सावधानीका साथ निर्वाचनको काम सम्पन्न गर्न सकिने सुनिश्चितता सम्माननीय प्रधानमन्त्रीज्यूको लिखित जवाफबाट देखिएकाले निवेदकले जिकीर लिनु भएजस्तो कोभिड-१९ का कारण निर्वाचनमा जान असम्भव भन्ने देखिदैन ।

कोभिड-१९ को सङ्क्रमणको बीचमा स्वास्थ्य सुरक्षाका मापदण्ड अपनाएर राष्ट्रिय सभाको निर्वाचन सम्पन्न भएको छ । नेकपा (माओवादी केन्द्र) ले आफ्ना प्रतिनिधि सभा सदस्यलाई निश्कासन गरेको छ । ती स्थानहरुमा संविधान तथा प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७३ बमोजिम छ महिनाभित्र उपनिर्वाचन गर्नैपर्ने हुन्छ । स्थानीय तह निर्वाचन ऐन २०७३ को दफा ३ बमोजिम स्थानीय तहको कार्यकाल समाप्त हुनुभन्दा दुई महिना अगावै स्थानीय तहको निर्वाचन गर्नैपर्ने कानूनी व्यवस्था छ । त्यसैले आगामी फागुन महिनामा स्थानीय तहको निर्वाचन गर्नैपर्ने हुन्छ । त्यसबाहेक रिट निवेदक श्री शेरबहादुर देउवाले यही भदौ महिनामा आफ्नो पार्टी नेपाली काँग्रेसको महाधिवेशन गर्ने गरी कार्यतालिका प्रकाशित गरिसक्नु भएको छ । देशभरका नेता कार्यकर्ता सहभागी हुने महाधिवेशन हुन सक्ने तर चरणबध्द रुपमा स्वास्थ्य सुरक्षाका मापदण्ड अपनाएर गर्न सकिने निर्वाचन हुन नसक्ने दावी हँचुवा र आधारहीन छ ।

---

[२१] https://www.idea.int/news-media/multimedia-reports/global-overview-covid-19-impact-elections

२. **निर्वाचन आयोग तोकिएको मितिमा निर्वाचन सम्पन्न गर्न सक्षम छः-** निर्वाचन आयोगले संविधान र कानून बमोजिम साधिकार निकायबाट निर्णय भै निर्वाचनको मिति तोकी आएपछि तोकिएको मितिमा स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयमुक्त वातावरणमा निर्वाचन सम्पन्न गर्ने आयोगको कर्तव्य भएकाले सो बमोजिम कार्य सम्पादन गर्नु पर्ने नै हुँदा निर्वाचन गर्न निर्वाचन आयोग सक्षम छ ।

३. **मुलुकको आर्थिक प्रणालीलाई व्यववस्थित गर्ने विषय नितान्त कार्यकारिणी अधिकारको विषय हो:-** निवेदकहरुले निर्वाचन लगायतका कार्य अघि राज्यको श्रोतसाधन माथि अनावश्यक व्ययभार पर्ने अध्यादेशबाट बजेट जारी नगर्न भनी जिकीर लिनु भएको छ । मुलुकको अर्थतन्त्र के कस्तो छ, संविधानले व्यवस्था गरेको आर्थिक प्रणालीलाई कसरी व्यववस्थित गर्ने, मुलुकले गर्नु पर्ने खर्चहरू के कसरी गर्ने भन्ने विषय नितान्त कार्यकारिणी अधिकारका विषय हुन् । प्रचलित कानूनको परिधिभित्र रही कानून बमोजिम स्रोतको व्यवस्थापन हुने विषयमा रिट क्षेत्राधिकारद्वारा पुनरावलोकन गरी न्यायिक मापदण्ड स्थापित गर्न सम्भव र वाञ्छनीय हुँदैन । देशको आर्थिक अवस्थाले निर्वाचनको भार थाम्न सक्छ वा सक्दैन अथवा त्यस्तो कुनै कारणबाट प्रतिनिधि सभाको विघटन हुनु उपयुक्त थियो वा थिएन इत्यादि प्रश्नहरू राजनैतिक प्रश्नहरू भएका र तिनको निरूपण विशुद्ध राजनैतिक आधारमा हुने भएकाले यस्ता प्रश्नहरू न्याययोग्य प्रश्न हुँदैनन् भनी सम्मानित सर्वोच्च अदालतबाट २०५९ सालको रिट नं ३५४२ (चित्र बहादुर के. सी. विरुध्द सम्माननीय प्रधानमन्त्री शेर बहादुर देउवा)मा व्याख्या भइसकेको हुँदा सोही आधारमा यो दावी निरर्थक देखिएको छ ।

## ज. निवेदकको माग बमोजिमको आदेश जारी गर्नु पर्छ, पर्दैन?

१. **रिट निवेदक १४६ जना भनी उल्लेख गर्न मिल्दैनः-** सम्माननीय राष्ट्रपति र सम्माननीय प्रधानमन्त्रीले संविधान अनुररूप गर्नु भएको काम कारवाहीमा प्रश्न उठाउने निवेदक र सो सम्बन्धमा न्याय निरुपण गर्नु पर्ने संवैधानिक इजलास स्वयंले संविधान र कानूनको उल्लंघन हुनु उचित हुदैन । प्रस्तुत मुद्दामा विपक्षीले शुरुमा निवेदकहरुमा शेर वहादुर देउवा लगायत ११ पेज निवेदकको नाम उल्लेख गर्नु भएको छ । तर प्रस्तुत मुद्दामा राष्ट्रपति कार्यालय र सम्माननीय प्रधानमन्त्री समेतलाई पठाईएको रिट निवेदनमा केवल पांच जनाको हस्ताक्षर पश्चात् ईति सम्वत् २०७८ जेष्ठ १० रोज २ शुभम् भनी निवेदनलाई बन्द गरिएको छ । यसवाट प्रस्तुत मुद्दामा केवल पाँच जना मात्र निवेदक हुन् भन्ने स्पष्ट छ । तर सम्मानित ईजलासबाट आदेश हुदा शेर वहादुर देउवा समेत १४६ जना उल्लेख छ । निवेदनमा हस्ताक्षर नगर्ने १४१ जनालाई जोडेर उल्लेख गरिएको कुरा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम १३ को उपनियम (६) तथा (९) अनुसार निवेदकको सूचीमा उल्लेख गर्न मिल्दैन ।

२. **एउटै दलका सांसदहरु सत्तापक्ष र प्रतिपक्ष दुवै हुन सक्तैनन्** :- नेपालको संविधानले बहुलीय मूल्य, मान्यता र मर्यादा भित्रको संसदीय प्रणालीलाई आत्मसात् गरेको छ । बहुदलीय प्रतिस्पर्धात्मक शासन प्रणालीमा सरकारको समर्थनमा रहेका संसद सदस्यहरुलाई सत्तापक्ष र सरकारको समर्थनमा नरहेका संसद सदस्यहरुलाई प्रतिपक्षको संज्ञा

दिने गरिन्छ। सोही आधारमा संसदको बैठकमा सत्तापक्ष र प्रतिपक्षको आसनको व्यवस्थापन गर्ने संसदीय परम्परा रहीआएको छ। प्रतिनिधि सभाको विपक्षी दलको नेताको पदलाई नेपालको संविधानको धारा २८४ ले अलग्गै पदको रूपमा मान्यता दिदै संवैधानिक परिषदको संरचनाभित्र समेटेको समेत पाइन्छ । यसरी बहुदलीय प्रणाली भित्रको संसदीय मूल्य, मान्यता र परम्पराभित्र एउटै दलका सांसदहरु सत्तापक्ष र प्रतिपक्ष दुवै हुन नसक्ने देखिन्छ । रिट निवेदकहरुमध्येका नेकपा (एमाले) का २६ जना सदस्यहरु र जनता समाजवादी पार्टी नेपालका १२ जना सदस्यहरुले दलको आधिकारिक निर्णयविना गैरदलीय ढंगले गरेको हस्ताक्षरलाई आधार लिई प्रधानमन्त्रीको पदमा गरेको समर्थन दावी नेपालको संविधानले अंगीकार गरेको संसदीय प्रणालीको मूल्य, मान्यता र परम्पराका नियम विपरीत भै गैर–संवैधानिक देखिएकाले त्यस्तो गैर–संवैधानिक दावीलाई आधार लिई दायर भएको रिट खारेज भागी छ।

**३. सनाखतको कागज कानूनले र संविधानले चिन्दैन:-** निवेदकको रूपमा संवैधानिक ईजलासवाट १४६ जना भन्ने उल्लेख भएकोमा मिसिल हेर्दा पाँच जना भन्दा बाहेक अन्य व्यक्तिलाई छुट्टै कागजमा सनाखत गराइएको भन्ने कागज रहेछ । नेपालको संविधान, न्याय प्रशासन ऐन, सर्वोच्च अदालत ऐन तथा नियमावली तथा संवैधानिक ईजलास संचालन नियमावलीमा कहि कतै पनि सनाखतको कागज गराउने वा सनाखत गरिने व्यक्तिलाई निवेदक मानिने वा ती निवेदकमा गणना हुने व्यवस्था रहेको पाइदैँन। संवैधानिक इजलासबाट कारण देखाऊ आदेश जारी हुदा उल्लेख भएको १४६ जना निवेदक भन्ने व्यहोरा कानूनसम्मत मान्न सकिदैँन। प्रकृयागत त्रुटि गरी दायर गरेको प्रस्तुत निवेदन प्रथम दृष्टिमा नै खारेज भागी छ।

**४. रिट निवेदकको प्रधानमन्त्री बनाई पाऊँ भन्ने दावीसाथ संलग्न लिखतहरु प्रथमदृष्टिमै अमान्य छ:-** निवेदकहरुले सम्माननीय राष्ट्रपति समक्ष मिती २०७८ जेष्ठ ७ गते सरकार गठनको लागी पेश गरेको कागजात सम्मानित अदालत समक्षमा पेश भै सकेको छ। राष्ट्रपति कार्यालयमा पेश भएका दावीसाथ संलग्न हस्ताक्षरहरुको लिखत मुलुकी देवानी (कार्यविधि संहिता) को दफा ४३ बमोजिम मान्य हुने लिखत होईनन्। सो संहिताको दफा २८ को उपदफा (१) को खण्ड (क) ले लिखतको परिभाषा गरेको छ। यस उपदफा (१) को स्पष्टिकरण खण्डको (क) (५) मा सरकारी कार्यलयमा पेश हुने कुनै पनि लिखतलाई लिखत मानेको छ। राष्ट्रपति कार्यालय सरकारी कार्यालय हो। यस्तो कार्यालयमा पेश हुने लिखतमा केरमेट नगरिएको हुनु पर्दछ। दफा २८को उपदफा (२) मा कुनै कारणले केरमेट भएमा वा व्यहोरा फरक परी सच्याउदा सम्वन्धित कारणीले हस्ताक्षर गर्नु पर्ने हुन्छ। तर लिखतमा अधिकांश स्थानमा टिपेक्स लगाईएको छ। त्यहा कारणीको हस्ताक्षर छैन। यो देवानी कार्यविधि संहिताको दफा २८ को उपदफा (२) को उल्लंघन हो। यस्तो लिखतलाई दफा ४३ को उपदफा (१) अनुसार मान्य लिखत मानिदैन।

५. **नीतिहिन गठबन्धनबाट संकलित हस्ताक्षरलाई आधार लिई दायर निवेदनलाई सफा नियतले दायर भएको मान्न मिल्दैन**:- रिट निवेदनको माध्यमबाट अदालतद्वारा उपचार खोज्ने पक्षले तथ्य नढाँटी सफा हातले अदालतमा प्रवेश गर्नुपर्छ (“One who comes into equity must come with clean hands”) भन्ने सफा हातको सिद्दान्त(Doctrine of clean Hand) को मान्यता हो। निवेदकहरुले प्रधानमन्त्रीमा दावी गर्दा १४९ जना

सदस्यहरुको समर्थन रहेको भनी राष्ट्रपति समक्ष आधार प्रस्तुत गर्नु भएको छ[२२] भने सम्मानित अदालतमा दायर भएको रिट निवेदनमा १४६ जना बहुमत संसद सदस्यहरुको समर्थन रहेको भनी उल्लेख गर्नुभएकोले निवेदकहरु आफैले लिएको दावीहरुमा विवन्धित हुनुभएको देखिन्छ । संविधानको धारा ७६ को उपधारा (५) बमोजिम प्रधानमन्त्रीमा दावी गर्दा १४९ जना समर्थनकर्ता प्रतिनिधि सभा सदस्यहरु मध्येका नेकपा (एमाले) का २६ जना तथा जनता समाजवादी पार्टी नेपालका १२ जना माननीय सदस्यहरुले आफू सदस्य रहेको पार्टीको आधिकारीक निर्णयविना हस्ताक्षर गर्नुभएकाले उक्त हस्ताक्षरलाई मान्यता नदिनुहुन भनी सम्बन्धित पार्टीका संसदीय दलका नेता र पार्टी अध्यक्षले हस्ताक्षर गरी राष्ट्रपतिलाई अनुरोध गरेको पत्रबाट देखिन्छ । नेपालको संविधानको धारा २६९ को उपधारा (३) र राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ८ ले क्रमशः संवैधानिक र कानूनी मान्यता दिएको निवेदकको दलका विधानमा बहुदलीय प्रतिस्पर्धात्मक संसदीय शासनप्रणाली लगायतका लोकतान्त्रिक मूल्य मान्यता प्रति प्रतिबध्दता व्यक्त गरेको पाइन्छ[२३] भने पार्टीको सांसदहरु जनता र पार्टीप्रति उत्तरदायी हुनेछन् र पार्टीको नीति र निर्णयहरु कार्यान्वयन गर्नु उनीहरुको कर्तव्य हुने भनी उल्लेख गरेबाट नेपालको संविधान, राजनीतिक दल सम्बन्धी संघीय कानून र आफूसदस्य रहेको पार्टीको विधानमा उल्लेखित बहुदलीय व्यवस्थाका आधारभूत मर्म र भावना प्रतिकूल हुनेगरी तथा नीतिहिन गठबन्धनबाट संकलित हस्ताक्षरलाई आधार लिई दायर निवेदन सफा हातको सिद्वान्त(Doctrine of Clean Hand) को आधारमा समेत खारेज भागी छ ।

६. **दुषित दाबी कार्यन्वयनको मागदाबी भएको प्रस्तुत रिट खारेज भागी छः-** निवेदक श्री शेर वहादुर देउवाले प्रधानमन्त्री बनाई पाऊँ भनी राष्ट्रपति कार्यालयमा पेश भएको हस्ताक्षरहरुमा नेपाली कांग्रेसका सदस्यहरुको नाम, जिल्ला, हस्ताक्षर भन्ने उल्लेख छ । त्यसपछि नेकपा (माओवादी केन्द्र) का सदस्यहरुको हस्ताक्षर भएको कागजको शीर्ष व्यहोरामा उपस्थिति भन्ने देखिन्छ । अर्थात सो कागज निवेदक श्री शेर वहादुर देउवालाई प्रधानमन्त्री बनाउने प्रयोजनको लागि नभएको भन्ने देखिन्छ भने सो कुरा निजहरुको नामको अगाडि टिपेक्स प्रयोग भएको र जिल्लाको नाम अन्य व्यक्तिको हस्ताक्षर भएवाट स्पष्ट हुन्छ । उल्लेखित दुई दलको राजनैतिक दलको पत्रसमेत सामेल भएको अवस्था छ । तर जनता समाजवादी पार्टीका १२ जना, नेकपा (एमाले) का २८ जना र राष्ट्रिय जनमोर्चाका १ जनाको नाम उल्लेखित ५ पृष्ठका कागजहरुको रुप व्यहोराबाट नै उक्त लिखत विवादित छ । हस्ताक्षरकर्ता सदस्यहरुको नामको

---

[२२] मिति २०७८।२।७ गते नेपाली कांग्रेस सभापति/संसदीय दलको नेता शेरबहादुर देउवाले प्रधानमन्त्री पदमा नियुक्ति बारे सम्माननीय राष्ट्रपति समक्ष चढाउनु भएको पत्र ।

[२३] १. **नेपाल कम्युनिष्ट पार्टी (एकीकृत माक्सवाद-लेनिनवाद) को विधान २०४९,** (नवौं राष्ट्रिय महाधिवेशन २०७१ को संशोधन सहित), प्रकाशक नेकपा (एमाले) केन्द्रिय सचिवालय । प्रस्तावनाः "...यो पार्टी संविधानको सर्वोच्चता, विधिको शासन, **बहुलवादी खुला समाज, बहुदलीय प्रतिस्पर्धा**, आवधिक निर्वाचन, जनताको प्रतिनिधिद्वारा शासन प्रणालीको संचालन, स्वतन्त्र न्यायपालिका र मानव अधिकारको प्रत्याभूति लगायत लोकतन्त्रका विश्वव्यापी मूल्य मान्ताप्रति प्रतिबध्द छ..."

२. **नेपाली काँग्रेसको विधान २०१७** "...वि. सं. २०६४ साल असोजमा वी. पी. स्मृति भवन वी. पी. नगर सानेपा ललितपुरमा भएको महासमितिको बैठकले देशमा संघीय गणतन्त्रात्मक राज्य संचालन एवं बहुदलीय संसदीय लोकतान्त्रिक शासन व्यवस्था स्थापना गरेको निर्णय...प्रति गर्व गर्दै..." .

अगाडि वा पछाडि कुन दलको हो वा स्वतन्त्र हो वा कुनै दल आवद्ध व्यक्ति हो भन्ने उल्लेख नभई नेपाली कांग्रेसका सदस्यको लहरमा नाम उल्लेख गरिएको छ । अतः त्यस्तो लिखितलाई कार्यान्वयनको माग गरी दायर भएको रिट निवेदन सफाहात नलिई आएको हुदा खारेज गरी पाऊ ।

अतः माथि प्रकरण प्रकरणमा उल्लेख गरिएको आधार र कारणहरुबाट बिघटित प्रतिनिधि सभा पुनर्स्थापित गरी पाँउ भन्ने समेतको निवेदन माग बमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था नभएकोले रिट निवेदन खारेज गरिपाउन सादर अनुरोध गर्दछु।

<u>बहसनोट प्रस्तुतकर्ता</u>

| | | |
|---|---|---|
| ............................... | ............................... | ............................... |
| विश्वराज कोइराला (नायब महान्यायाधिवक्ता) | पद्मप्रसाद पाण्डेय (नायब महान्यायाधिवक्ता) | रमेश वडाल (महान्यायाधिवक्ता) |
| ............................... | ............................... | ............................... |
| गोपालप्रसाद रिजाल (सहन्यायाधिवक्ता) | श्यामकुमार भट्टराई (नायब महान्यायाधिवक्ता) | टेकबहादुर घिमिरे (नायब महान्यायाधिवक्ता) |
| ............................... | ............................... | ............................... |
| खेमराज ज्ञवाली (सहन्यायाधिवक्ता) | लोकराज पराजुली (सहन्यायाधिवक्ता) | संजीबराज रेग्मी (सहन्यायाधिवक्ता) |
| | ............................... | ............................... |
| | दशरथ पंगेनी (उपन्यायाधिवक्ता) | उद्धवप्रसाद पुडासैनी (सहन्यायाधिवक्ता) |

ईतिसम्वत् २०७८ साल असार १० गते रोज् ५ शुभम....